**मजदुर विज्ञापन शाखा**
नासमांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**बिल-बिजकको प्रयोग अनिवार्य गरौं।**

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल-बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : ११४ ★ ने. सं. ११४६ अनाला थ्व, प्रतिपदा ★ आइतबार ★ ३ जेठ, २०८३ ★ May 17, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## नयाँ पुस्ताका प्रधानमन्त्री र मन्त्री बन्नु नै पर्याप्त होइन, विचार नयाँ हुनु जरुरी




भक्तपुर, २ जेठ । भक्तपुर जिल्ला बक्सिङ सङ्घको आयोजनामा नवनिर्वाचित पदाधिकारीहरूलाई प्रमाणपत्र वितरण च्वङा गणेशस्थान सल्लाघारीमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "खेलकुद स्वास्थ्य, मित्रता, अनुशासन र सार्वभौमिकता रक्षाको लागि हो । सार्वभौमिकता भनेको भित्री वा बाहिरी शक्तिसँग नेपाली जनता झुक्न नपर्ने अवस्था हो ।"

"कतिपय देशमा विद्यालय र कलेजको लागि पर्याप्त खेल मैदानको व्यवस्था गरिएको हुन्छ । नेपालको धेरै विद्यालय र कलेजमा पर्याप्त खेलमैदान छैन । यसकारण, नेपाली युवा-विद्यार्थीलाई खेलकुदमा लाग्ने अवसर प्राप्त भएन ।" उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "मानिस श्रम गर्ने र भाषा बोल्ने हुँदा पशुसँग भिन्नता भएको हो । श्रमसँगै मानिसको मस्तिष्क थप विकास हुँदै आएको हो । मानिसले पृथ्वीको जन्म र जीव विकासबारे विज्ञानसम्मत सोचाइ राख्नु जरुरी छ । एउटा मकैको बीउबाट मकैको घोगा लागेजस्तै राम्रा खेलाडीबाट धेरै नयाँ खेलाडी तयार हुनेछ । सरकारले यही लक्ष्य अघि बढाउनु आवश्यक छ ।"

उहाँले भन्नुभयो, "नयाँ पुस्ताका प्रधानमन्त्री र मन्त्री बन्नु नै पर्याप्त होइन, विचार नयाँ हुनु जरुरी छ । रास्वपा सरकारको आर्थिक र विदेश मामिलामा मौलिक भिन्नता छैन ।"

उहाँले भन्नुभयो, "रास्वपाले विधानमा शोषणरहित समाज उल्लेख गरेको छ । यसको लागि उत्पादनका साधन सामाजिक हुने तथा योग्यतानुसार काम र कामअनुसार पारिश्रमिकको व्यवस्था हुनु आवश्यक छ ।"

उहाँले भन्नुभयो, "रास्वपाको निर्वाचन वाचापत्रमा आर्थिक उदारीकरण उल्लेख छ । यसको अर्थ सार्वजनिक संस्थान निजीकरण गर्ने, विदेशी पुँजी र ऋण ल्याउने र अन्तत: देशलाई नवउपनिवेश बनाउने हो ।"

उहाँले भन्नुभयो, "रास्वपा सरकारको पौने दुई महिनायता असी हजार युवालाई वैदेशिक रोजगारीमा पठाइयो, इन्धनको मूल्य चारपटक बढ्यो, विदेशी ऋण ८० अर्बले बढ्यो । यसकारण, रास्वपा सरकारबाट देश र जनताको नि:स्वार्थ सेवा हुने अवस्था छैन ।"

कार्यक्रममा भनपा वडा नं ७ का वडाध्यक्ष उकेश कवांले जिल्ला बक्सिङ सङ्घले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको खेलकुद विकासमा छलफल गरिरहेको सकारात्मक भएको बताउँदै राज्यले विभेद खेलाडी प्रवर्द्धन गर्न खेलाडीको सीपअनुसारको रोजगार दिनुपर्ने बताउनुभयो ।

उहाँले खेलकुद मौलिक हकमा राखी सबैले खेल्न सक्ने बनाउनुपर्छ भन्नुभयो । उहाँले खेलकुद विश्वविद्यालय नभएसम्म खेलाडीको शैक्षिक क्षेत्र अगाडि नबढ्ने बताउँदै खेल विज्ञान आवश्यकतामा जोड दिनुभयो । उहाँले खेलकुदमा भएको खिचलोको कारण सङ्घ र खेलाडी उत्साहित नहुँदा नेपालमा खेलको स्तर खस्कँदै गएको बताउनुभयो । उहाँले सङ्घ र प्रदेशका साथै जिल्ला सङ्घहरूले वार्षिक कार्यतालिका बनाई खेलकुद गतिविधि अगाडि बढाउनुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका महासचिव मानबहादुर भण्डारी, कोषाध्यक्ष गौतम सुजखु, बाग्मती

*बाँकी पृष्ठ ८ मा*

## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – १६

**प्रहरी वृत्त महाराजगञ्ज, काठमाडौंका प्रहरी वरिष्ठ नायव निरीक्षक ज्ञानप्रसाद पराजुली**

भदौ २३ गते जेनजी पुस्ताले आह्वान गरेको प्रदर्शनमा म घरमै थिएँ । टेलिभिजन र मोबाइलबाट घटनाहरूको जानकारी भएको हो । भदौ २४ गते काठमाडौं रिङ्गरोडभित्र बिहान ८:३० बजेबाट लागू हुने गरी जिल्ला प्रशासन कार्यालयबाट जारी कर्फ्यु आदेशबारे माइकिङ गर्दै जानकारी गराएको हुँ ।

वृत्तको प्र.ना.उ.ज्यु तालिमको सिलसिलामा अमेरिकामा रहनुभएको थियो भने हामी ४५-५० जना कार्यालयमा थियौँ । हामीलाई लक्षित गरी बिहानको करिब ११:३० बजे हाम्रो कार्यालय बाहिर करिब २०० जना प्रदर्शनकारीले नाराबाजी गर्दै ढुङ्गामुढा गरिरहेका थिए । भिड थपिँदै अनियन्त्रित हुन थालेपछि हामीले लाठीचार्ज र अश्रुग्यास प्रहार गर्दै भिडलाई पटक पटक तितरबितर गरेका थियौँ । त्यसक्रममा उपत्यका प्रहरी कन्ट्रोल रुमको सञ्चारसेटबाट "हिरासतमा रहेका सम्पूर्ण थुनुवाहरूलाई अभिलेख राखेर छाडिदिने तथा सबै प्रहरी युनिटलाई आफू र आफ्नो हातहतियार जोगाई सुरक्षित स्थानतर्फ जाने" भन्ने आदेश (सुरक्षित स्थान कता भन्ने स्पष्ट नभएको) भएपश्चात् स्थिति असामान्य हुँदै गएको महसुस भयो । सो आदेशपश्चात् कार्यालयको हिरासतमा रहेका सम्पूर्ण थुनुवा छाडियो । थुनुवा छाड्नासाथ थुनुवाहरूसहितको आक्रोशित भिडले हाम्रो कार्यालय, सवारी साधन लक्षित गरी आगजनी गर्न थाले ।

हामीले कार्यालयमा सुरक्षित रहेका ग्यास सेलहरू फायर गर्‍यौं, ब्लांक राउन्डसमेत फायर गरियो (तर, मैले आफ्नो साथमा रहेको पेस्तोलबाट कुनै राउन्ड गोली फायर गरेको छैन) । केही प्रहरी साथीहरू सुरक्षित स्थानतर्फ गइसकेका रहेछन् । हामी करिब ३० जना प्रहरी कर्मचारी कार्यालयको पछाडि थियौँ । सोही क्रममा हामीसँगै रहेका प्र.स.नि. मिलन राय र प्र.ज. उत्तम थापालाई भिडले गेटबाट घिसार्दै सडकमा लगेर फलामका रड, धारिलो हतियार प्रयोग गरी मारेर लास सडकमै छाडेका थिए ।

हाम्रो कार्यालयमा आगजनी हुँदा हामी बाहिर निस्कन सकेनौं । हामी कार्यालयको छतमा गई जीवनमरणको दोसाँधमा उद्धारको लागि मैले सञ्चार सेटबाट उपत्यका प्रहरी कार्यालय कन्ट्रोल रुममा वस्तुस्थितिबारे पटक पटक रिपोर्टिङ गरेको हुँ । प्रदर्शनकारीहरूले समेत प्रहरीको सञ्चारसेट लुटी सेटमा जथाभावी अश्लील शब्द बोल्न थालेपछि मैले मोबाइल नं. ९८५१०८४४२७ र ९८५१२९६८३० बाट कार्यालय प्रमुख प्र.नि. सुदर्शन पन्थी, प्र.अ.म.नि. दानबहादुर कार्की सर, प्र.ब.उ. विश्व अधिकारी (फोन नउठेको) लाई पटक पटक उद्धारको लागि रिपोर्टिङ गर्दा प्र.नि.ज्यूबाट आर्मीको डीएमओ शाखामा सम्पर्क गर्न भन्नुभएको र प्र.अ.म.नि.ज्यूबाट आर्मीसँग समन्वय गर्दै छु भन्नुभएको थियो । नेपाली सेनाको डीएमओ शाखामा करिब १५/२० पटक फोन गरी हारगुहार गरेपछि दिनको करिब १६:३० बजे नेपाली सेनाको हेलिकप्टर आई हामीलाई कार्यालयको छतबाट ४ पटकमा २२ जनालाई उद्धार गरेको हो ।

साँझको समयमा भैरवनाथ गणमा नेपाली सेनाले एउटा लास लिई आएको र मिडियामा डीएसपीको लास रहेको भन्ने अफवाह फैलिएको रहेछ । मसमेत अन्य प्रहरी कर्मचारीले लास हेर्दा क्षतविक्षत भई अनुहारको कुनै भाग नचिनिने अवस्थामा रहेको थियो । लाशसँगै रहेको मोबाइल फोनबाट उक्त मृतक प्र.स.नि. मिलन रायको लाश रहेको सनाखत हुन आई मैले नै उक्त लास बुझी रातको करिब १०:३० बजे नेपाल प्रहरी अस्पतालको लास घरमा राखेर फर्किएको हुँ । राति २ जना प्रहरी कर्मचारीहरू "सुरक्षित रहने क्रममा चाईनिज कल्चरल सेन्टर भवनमा हतियारसहित लुकिछिपी बसेका छौं, उद्धार गर्नुपर्‍यो" भनेपछि मैले कन्ट्रोल शाखामा पीडित प्र.क.को नम्बरसहित जानकारी गराउँदा रातमा उद्धारको कार्य हुन नसकि भोलिपल्ट बिहान करिब ६:०० बजे प्र.ब.उ. दीपशमशेर ज.ब.रा सरलाई पुन: रिपोर्टिङ गरी निजहरूलाई करिब ८:०० बजेको समयमा हातहतियारसहित सुरक्षित रूपमा उद्धारसमेत गराएको हुँ । भोलिपल्ट भदौ २५ गते हामीलाई हाम्रो कार्यालयबाट खोजिनीति भएन, नेपाली सेनाले दिनको करिब १७:०० बजे हामीलाई प्रहरी प्रधान कार्यालय नक्सालमा लगी बुझाइदिएको हो ।

घटना वारदातपश्चात् मैले आफू र आफ्नो मातहतका कर्मचारीहरू सुरक्षित राखी हातहतियारसमेत सुरक्षित जोगाई जोखिममा रहेका अन्य प्रहरी कर्मचारीहरूलाई सुरक्षित रूपमा उद्धार गराउँदासमेत आजको दिनसम्म मलाई मेरो तत्कालीन कमाण्डर तथा विभागका अन्य कमान्डरहरूबाट कुनै सोधपुछसम्म नगरी कुनै चासो नदिएकोले मेरो कार्यक्षमताको मूल्याङ्कन नगरेको मलाई महसुस भएको छ ।

**व्यङ्ग्यचित्र कुनो**




**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**उपस्थितिको लागि अनुरोध**

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छें (रोहित) ज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नुभएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र निर्णायक तथा प्रशिक्षक प्रशिक्षणमा उत्तीर्ण प्रशिक्षकहरूलाई सम्मान कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण खेलाडी, रेफ्री, प्रशिक्षक, टीम-क्लव, पुस्तकालय, सङ्घ-संस्था र खेलप्रेमी महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**कार्यक्रम:**
**मिति** : २०८३ जेठ ६ गते, बुधबार
**समय** : दिनको २:०० बजे
**स्थान**: ख्वप इन्जिनियरिङ कलेज, लिबाली

# नवआगन्तुक विद्यार्थी तथा अभिभावकलाई स्वागत कार्यक्रम




भक्तपुर, २ जेठ । एभरेस्ट स्कूलले शैक्षिक सत्र २०८३ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । मिबाछेँस्थित विद्यालय परिसरमा शनिबार आयोजित कार्यक्रममा अभिभावक, सञ्चारकर्मी, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता थियो ।

कार्यक्रमको सभापतित्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा भनपाका उपप्रमुख रजनी जोशीले गर्नुभएको थियो ।

कार्यक्रममा उहाँले विद्यालय शिक्षा केवल पाठ्यपुस्तकमा सीमित नभई विद्यार्थीको चरित्र निर्माण, संस्कार, सामाजिक उत्तरदायित्व तथा व्यवहारिक जीवनसँग जोडिनुपर्ने बताउनुभयो । उहाँले गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय, अभिभावक र समुदायबिचको सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै एभरेस्ट स्कूलले शिक्षामा गुणस्तर र संस्कारलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका संस्थापक प्रिन्सिपल भक्त राजभण्डारीले विद्यालयको नीति, कार्यक्रम, शैक्षिक योजना तथा मूल्य-मान्यताका विषयमा प्रकाश पार्नुभएको थियो । उहाँले विद्यालयले विद्यार्थीको सर्वाङ्गीण विकासलाई केन्द्रमा राखेर शैक्षिक गतिविधि सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागी अभिभावकहरूले विद्यालयले प्रदान गरिरहेको शैक्षिक वातावरण, अनुशासन, संस्कारमूलक शिक्षा तथा विद्यार्थीमैत्री सिकाइ प्रणालीप्रति सकारात्मक धारणा व्यक्त गरेका थिए । पत्रकार तथा सञ्चारकर्मीहरूले वर्तमान समयमा व्यवहारिक, प्रविधिमैत्री तथा मूल्यमा आधारित शिक्षाको आवश्यकता बढ्दै गएको उल्लेख गर्दै विद्यालयले त्यसतर्फ प्रभावकारी पहल गरिरहेको बताएका थिए ।

अन्य वक्ताहरूले विद्यार्थीको उज्ज्वल भविष्य निर्माणमा विद्यालय र अभिभावकबिच निरन्तर समन्वय र सहकार्य आवश्यक रहेको धारणा राखेका थिए ।

# राष्ट्रिय ललितकला प्रदर्शनी, २०८३ अन्योलमा

काठमाडौँ, २ जेठ । ललितकला क्षेत्रको महोत्सव मानिने नेपाली ललितकला क्षेत्रकै सबैभन्दा ठूलो कार्यक्रम 'राष्ट्रिय ललितकला प्रदर्शनी, २०८३' निर्धारित समयमा आयोजना हुने वा नहुनेमा अन्योलता सिर्जना भएको छ । यही जेठ १५ गतेदेखि आयोजना हुने समय तय भएको प्रदर्शनीको यतिबेला आवश्यक तयारी अन्तिम चरणमा पुग्नुपर्नेमा अहिले सबै काम रोकिएको हो ।

प्रदर्शनीको नजिक पुगेको समयमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा कुलपतिसहित सबै प्राज्ञपरिषद् सदस्यको पद खाली भएकाले प्रदर्शनी हुने वा नहुने अनिश्चित देखिएको हो । ललितकलाको इतिहास बोकेको राष्ट्रिय कला प्रदर्शनीमा सातै प्रदेशमा आयोजना गरिएको प्रादेशिक कला प्रदर्शनीबाट छनोट भएका उत्कृष्ट कलाकृति समावेश हुँदै आएका थिए ।

यसैबीचबाट दर्जनौँ कलाकृति पुरस्कृत हुने गरेको थियो भने कलामार्फत महत्त्वपूर्ण योगदान दिएका दुई जना अग्रज कलाकारलाई अरनिको सम्मान दिने गरिएको थियो । प्रदर्शनीमा लुकेर रहेका मौलिक, लोक तथा रैथाने कलाहरू पनि समावेश हुने गरेकाले कला संस्कृति र पहिचान प्रवर्द्धन हुँदै आएको थियो । तर, यसपालि पदाधिकारी नियुक्त नहुँदा र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट कुनै निर्देशन नआएकाले कला प्रदर्शनीको आवश्यक तयारी रोकिएको प्रतिष्ठानका प्रशासन प्रमुख कमलमणि काफ्लेले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "अहिले सबै तयारी लगभग अन्तिम चरणमा हुनुपर्ने थियो, प्रदर्शनीको समय अब १३ दिन मात्रै बाँकी छ, मन्त्रालयमा आवश्यक निर्देशनका लागि लेखेर पठाएका छौँ तर आजको मितिसम्म कुनै निर्देशन नभएकाले तयारीका काम सबै रोकिएको छ ।"

यसअघि प्रादेशिक ललितकला प्रदर्शनी सम्पन्न भइसकेको छ । राष्ट्रिय प्रदर्शनीको तयारी सुरु हुने बित्तिकै सबै पदाधिकारी पदमुक्त भएपछि काम अघि बढ्न नसकेको हो । प्रदर्शनी निरन्तर गर्ने विषयमा छलफल भइरहेको मन्त्रालयका प्रवक्ता जयनारायण आचार्यले जनाउँदै सकेसम्म निर्धारित समयमै प्रदर्शनी हुने बताउनुभयो ।

उहाँले अहिले पदाधिकारी नियुक्तिका लागि 'रोष्टर' मा नाम सूचीकृत गर्न सूचना जारी भएको र सोही प्रक्रियामार्फत पदाधिकारी नियुक्ति भई काम अघि बढ्ने बताउँदै नभएमा मन्त्रालयबाट कर्मचारी तोकेर पनि प्रदर्शनीलगायत काम अघि बढाइने जानकारी दिनुभयो ।

प्रतिष्ठानमा दरबन्दी नभएकाले सबै करारका कर्मचारी मात्रै छन् । मन्त्रालयबाट महत्त्वपूर्ण काम नगर्नु र कार्यालयमा कार्यरत सिनियर कर्मचारीबाट काम कारबाही अघि बढाउन निर्देशन भएको छ । करारका कर्मचारी मात्रै भएकाले उहाँहरूबाट कुनै काम अघि बढ्नसक्ने नदेखिएको प्रतिष्ठानका प्रशासन प्रमुख काफ्लेले बताउनुभयो । मन्त्रालयबाट काम अघि बढाउन निर्देशन भए प्रदर्शनीको तयारी अघि बढाउन करारकै कर्मचारी पनि तयार रहेका उहाँले उल्लेख गर्नुभयो ।

उहाँले जेठ पहिलो हप्तासम्म कुनै निर्देशन भए 'फाष्टट्र्याक'बाट प्रदर्शनी आयोजना गर्न सकिने जनाउँदै त्यसपछि कुनै निर्देशन नआएमा तोकिएको मिति जेठ १५ गते प्रदर्शनी गर्न नसकिने बतनाउनुभयो । ललितकलाको इतिहास बोकेको कला प्रदर्शनी अर्को मिति सारेरै भए पनि भने रोक्न नहुनेमा जोड दिइएको छ । ललितकलाका कलाकारले पनि उक्त प्रदर्शनीका विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिएका छन् ।

# सरकारी अस्पतालका गोदाममा करोडौँका उपकरण प्रयोगविहीनतामाथि महालेखापरीक्षकको प्रश्न

काठमाडौँ, २ जेठ । सरकारी स्वास्थ्य संस्थामा ठूलो धनराशि खर्च गरेर खरिद गरिएका अत्याधुनिक उपकरण लामो समयदेखि गोदाममा थन्किएका पाइएको छ ।

महालेखापरीक्षकको कार्यालयले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको ६३ औँ वार्षिक प्रतिवेदनमा सरकारी स्वास्थ्य निकायहरूमा रु. ५१ करोड ४९ लाखभन्दा बढी मूल्यका उपकरण उपयोगविहीन रहेको उल्लेख गरिएको छ ।

नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले खरिद गरिएका उपकरण सञ्चालनमा नआउँदा नागरिक निजी अस्पताल जान बाध्य भएको र राज्यको लगानी खेर गइरहेको प्रतिवेदनमा औँल्याइएको छ ।

राष्ट्रिय ट्रमा सेन्टरमा रु. पाँच करोड ३७ लाख ८२ हजार बराबरको 'क्याथल्याव मेसिन' जनशक्तिको अभावमा २०७२ सालदेखि प्रयोगविहीन अवस्थामा छ । त्यस्तै, रु. २४ करोड ७७ लाख नौ हजार बराबरको 'सिटी स्क्यान सिस्टम', १४ थान भेन्टिलेटर र पाँच थान 'सी-आर्म मेसिन' पनि सञ्चालनमा आउन सकेका छैनन् ।

यसैगरी, शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पतालमा रु. ७२ लाख ६० हजार मूल्यका 'ईसीजी केबुल' ३०० थान, गजेन्द्रनारायण सिंह अस्पतालमा रु. चार करोड ९० लाख ९५ हजार बराबरका 'एक्स-रे मेसिन', 'इन्डो युरोलोजी', 'ल्याप्रोस्कोपी सिस्टम', एनेस्थेसिया मेसिन तथा 'इलेक्ट्रो कार्डियोलोजी' उपकरणसमेत प्रयोगविहीन अवस्थामा छन् ।

सिंहदरबार वैद्यखाना विकास समितिमा 'सिङ्गल रोटरी ट्याब्लेटिङ मेसिन', एयर कम्प्रेसर, इन्जेक्ट कोडर, डबल कोन ब्लेन्डर, अटोमेटिक हाइस्पिड लेबलिङ मेसिन, ब्वायलर, क्लोड मिल, इलेक्ट्रिक ट्रे ड्रायरलगायतका उपकरण लामो समयदेखि थन्किएका छन् । विभिन्न ६० प्रकारका मेसिन तथा नेपाल प्रहरी अस्पतालमा १६ स्लाइस सीटी स्क्यान, १.५ टेस्ला एमआरआई मेसिनलगायत उपकरण पनि उपयोगविहीन रहेको प्रतिवेदनमा उल्लेख छ ।

स्वास्थ्य सेवा विभागले यस वर्ष नौ सय ६५ हाइड बोर्ड र नौ सय ६५ इलेक्ट्रोनिक वेट स्केल खरिदमा रु. ६ करोड ७३ लाख २१ हजार खर्च गरेको भए पनि अघिल्लो वर्ष खरिद गरिएका रु. ६ करोड ५३ लाख ९९ हजार बराबरका एक हजार ३३६ इलेक्ट्रोनिक वेट स्केल पनि प्रयोगविहीन अवस्थामा रहेका छन् । त्यस्तै, रु. दुई करोड ४२ लाख ५४ हजारका १३३ थान विभिन्न सात प्रकारका उपकरणसमेत थन्क्याएर राखिएको छ ।

बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको 'टेलिथेरापी मेसिन' चार वर्षदेखि 'बङ्कर'मै प्रयोगविहीन अवस्थामा रहेको छ । उक्त मेसिनभित्र रहेको रेडियोधर्मी स्रोतको आयु सकिन लागेकाले विकिरण जोखिमसमेत बढेको उल्लेख छ ।

महालेखापरीक्षकको कार्यालयले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई यस्ता उपकरणको प्रभावकारी उपयोग सुनिश्चित गर्न, अनुगमन गर्न तथा समग्र लगत तयार गरी व्यवस्थापन गर्न सुझाव दिएको छ ।

# जेठ ३ गते आइतबारदेखि अधिकमास अर्थात् मलमास सुरु हुँदै

काठमाडौँ, २ जेठ । प्रत्येक ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात् अधिकमास शनिबारदेखि सुरू भएको छ ।

आगामी असार १ गतेसम्म मलमास अथवा अधिकमास रहने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । ज्योतिषीय गणनाअनुसार ३६५ दिनको वर्ष हुन्छ । वर्षमा सौर र चान्द्रमास हुन्छन् । दुवैलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ । एउटा औँसीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास वा अधिकमास भनिने भनेर विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको ज्योतिष एवं वास्तुविद् शिवप्रसाद पोखरेलले बताउनुभयो ।

चान्द्र महिनामा दुई वटा सङ्क्रान्ति पऱ्यो भने क्षयमास भनिन्छ । ज्योतिषका विद्वान् भास्कराचार्यले आफ्नो ग्रन्थ सिद्धान्त शिरोमणिमा मलमास र क्षयमासको स्पष्ट परिभाषा दिनुभएको छ ।

सङ्क्रान्ति नभएको महिना अधिकमास वा मलमास हो । दुईवटा सङ्क्रान्ति भएको महिना क्षयमास हो । क्षयमास भने कहिले, कहिलेमात्र हुने गरेको छ । यसअघि क्षयमास २०२० सालमा परेको वास्तुशास्त्री पोखरेलले बताउनुभयो ।

क्षयमास कार्तिक, मङ्सिर र पुसमा पर्ने गरेको छ । यसमा पनि बढीजसो मङ्सिर र पुसमा क्षयमास पर्छ । कार्तिक महिनामा भने क्षय र अधिकमास दुवै पर्नसक्छ । माघ महिनामा भने क्षय र अधिकमास दुवै पर्दैन । बाँकी आठ महिनामा अधिकमास पर्नसक्छ ।

क्षयमास हुने वर्ष दुई अधिकमास नियमित समेत पर्छन् । यी अधिकमास क्षयभन्दा तीन महिना अगाडि वा पछाडि हुन्छन् । क्षयभन्दा पहिले हुने अधिकमासलाई 'संसर्प' र पछि हुने अधिकमासलाई 'अंहस्पति' भनिन्छ ।

# ख्वप साकोसमा Ai Tools तालिम सम्पन्न

भक्तपुर, २ जेठ । ख्वप बचत तथा ऋण सहकारी सस्था लि. शिक्षा उपसमितिको आयोजनामा शनिबार ब्यासीमा Ai tools को व्यवहारिक ज्ञान तथा सीप विकाससम्बन्धी शैक्षिक तालिम सम्पन्न भयो ।




तालिममा Ai Tools को प्रयोगात्मक अभ्यास content लेखन image video लेखनमा Ai को प्रयोग, Social media management अभ्याससम्बन्धी तालिम प्रशिक्षक श्रीराम कासिछवाले दिनुभएको थियो ।

परिचयात्मक कार्यक्रममा अतिथि गणेशप्रसाद सुवालले नयाँ पुस्ताले विश्व इतिहास र राजनैतिक इतिहासबारे जानकारी राख्न आवश्यक छ भन्दै तालिम सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप साकोसका अध्यक्ष राजकुमार लघुले सरकारले सबै सहकारीलाई एकै दृष्टिकोणले हेर्नु गलत छ, समुदायमा आधारित सहकारीले शेयर सदस्यहरूको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक स्तर उकास्ने कार्य गरिरहेको बताउनुभयो ।

ख्वप साकोस शिक्षा उपसमितिका संयोजक राजाराम सुवालको सभापतित्वमा सम्पन्न कार्यक्रममा समितिका सदस्यहरू केजी आचार्य र सीता याकामीले पनि तालिमको महत्त्वमाथि प्रकाश पार्नुभयो ।

कार्यक्रममा तालिममा सहभागीहरूलाई ख्वप साकोसका अध्यक्ष राजकुमार लघुले प्रमाणपत्र वितरण गर्नुभयो । तालिममा प्रशिक्षक श्रीराम कासिछ्वालाई संस्थाका अध्यक्ष राजकुमार लघुले मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# जग्गाधनी प्रमाणपत्रबाट पाँच करोड ७९ लाख ३० हजार राजस्व सङ्कलन

राँझा (बाँके), २ जेठ। बाँकेमा भूमिहीन दलित तथा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीलाई जग्गाधनी प्रमाणपूर्जा वितरणबाट रु. पाँच करोड बढी राजस्व सङ्कलन भएको छ।

कोहलपुर नगरपालिका र राप्तीसोनारी गाउँपालिकामा रहेका १२५ भूमिहीन दलित तथा भूमिहीन सुकुमवासी र ६८१ अन्य अव्यवस्थित बसोबासी गरी हालसम्म ८०६ जनालाई जग्गाधनी प्रमाणपत्र वितरण गर्दा रु. पाँच करोड ७९ लाख ३० हजार ३०९ राजस्व सङ्कलन भएको भूमि समस्या समाधान आयोग जिल्ला समितिका निवर्तमान अध्यक्ष घननाथ खनालले बताउनुभयो।

आफ्नो कार्यकालमा भएका कामबारे जानकारी दिँदै अध्यक्ष खनालले कोहलपुर नगरपालिकाबाट रु. पाँच करोड २७ लाख ४६ हजार ३१७ र राप्तीसोनारी गाउँपालिकाबाट रु. ५१ लाख ८३ हजार ९९२ गरी जम्मा रु. पाँच करोड ७९ लाख ३० हजार ३०९ राजस्व सङ्कलन भएको बताउनुभयो।

"सबैभन्दा धेरै कोहलपुर नगरपालिका वडा नं. १ मा पाँच सय ४० अव्यववस्थित वसोवासी र एक सय भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई लालपूर्जा वितरण गरिएको छ", उहाँले भन्नुभयो, "राप्तीसोनारी वडा नं ४ मा १४१ अव्यवस्थित बसोवासी र २५ जना भूमिहीन दलित तथा भूमिहीन सुकुमवासीलाई जग्गाधनी प्रमाणपत्र वितरण गरिएको छ।"

कोहलपुर वडा नं १ मा ११७ जना भूमिहीन दलित तथा भूमिहीन सुकुमवासीलाई जग्गाधनी प्रमाणपुर्जाका लागि राजस्व बुझाउन सूचना जारी गरिएकामा १०० जनाले मात्र राजस्व रकम दाखिला गरेका थिए।

यसैगरी, ७२६ अव्यवस्थित बसोबासीलाई राजस्व जम्मा गर्न सूचना जारी गरेकामा ५४० जनाले राजस्व जम्मा गरेको निवर्तमान अध्यक्ष खनालले जानकारी दिनुभयो।

भूमि समस्या समाधान आयोगले बाँकेका छ स्थानीय तहमा भूमिहीन दलित तथा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको जग्गा नापजाँच गरेको छ।

नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, राप्तीसोनारी, बैजनाथ, खजुरा र जानकी गाउँपालिकामा जग्गाधनी पुर्जा वितरणका लागि जग्गा नापनक्सा जाँच भइरहेका बेला भूमि समस्या समाधान आयोग विघटन भएको हो।

कोहलपुर नगरपालिकाका १५ वटै वडा, जानकी गाउँपालिकाको ५ नं वडा, बैजनाथ गाउँपालिकाको वडा नं १, ४, ६ र ७, राप्तीसोनारी गाउँपालिकाको २, ३, ४, ५, ७ र ९, खजुरा गाउँपालिकाको वडा नं ४ र ५ मा नापजाँच भइसकेको छ।

बाँकेमा जग्गाधनी प्रमाणपत्रका लागि करिब ६० हजार भूमिहीन दलित तथा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीले आवेदन दिएका थिए। हालसम्म ५३ हजार ७०५ जनाको आवेदन प्रणालीमा दर्ता भइसकेको छ।

# ट्राफिक कारबाहीमा २० लाख ३९ हजार राजस्व सङ्कलन

काठमाडौँ, २ जेठ। बितेका २४ घण्टामा दुई हजार २०० सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन्। यसबाट राज्यकोषमा रु २० लाख ३९ हजार राजस्व दाखिला भएको छ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेको १६८, नियमविपरीत 'राइड सेयरिङ' गरेका १५५, सङ्केत बत्ती उल्लङ्घनकर्ता १३७ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १५२ जनालाई कारबाही गरिएको हो।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने १०२, निषेधित क्षेत्रमा हर्न बजाउने १७८, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने १२३, एकतर्फी सडकमा सवारी चलाउने ११३ र अन्य सवारी नियम पालना नगरेका एक हजार ७२ जनालाई कारबाही गरिएको हो।

# अमेरिकामाथि नेपालको जित

काठमाडौँ, २ जेठ। आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत घरेलु श्रृङ्खलामा नेपालले अमेरिकाविरूद्ध नौ विकेटले जित हासिल गरेको छ। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट रङ्गशालामा शनिबार भएको खेलमा अमेरिकाले दिएको १९५ रनको लक्ष्यमा नेपाल नौ विकेटले विजयी भएको हो।

नेपालका लागि ओपनरद्वय कुशल भुर्तेल र आशिफ शेखले १५४ रनको योगदान दिए। भुर्तेलको शतकसँगै नटआउट प्रदर्शनका कारण नेपालले १९६ रनको लक्ष्य सहजै भेट्टिएको हो। उनले १३ चौका र चार छक्काको मद्दतमा ११८ बल खेलेर १२० रन बनाएका हुन्। आशिफ ७२ बलमा आठ चौकाको मद्दतमा ५८ रन बनाएर आउट भए।

यसअघि पहिला ब्याटिङ गरेको अमेरिकाले ४३ दशमलव तीन ओभरमा १९५ रन बनाएको थियो। नेपालले एक विकेट गुमाउँदै ३६ दशमलव चार ओभरमा लक्ष्य पूरा गर्‍यो। अमेरिका कम रनमा समेटिने क्रममा नेपालका लागि दीपेन्द्र सिंह ऐरीले चार विकेट लिए भने सोमपाल कामीले दुई, सन्दीप लामिछाने र गुल्सन झाले समान एक/एक विकेट लिए।

अमेरिकाका लागि ओपनर स्मित पटेलले सर्वाधिक ८४ रन बनाएका थिए। उनले ८९ बलमा आठ चौका र तीन छक्का प्रहार गरेका हुन्। शेहान जयसुरिया ५२ बलमा एक छक्का प्रहार गर्दै ५० रन बनाएर आउट भएका हुन्।

यो जितसँगै सातौँ स्थानमा रहेको नेपालले २० अङ्क बनाएको छ। छैटौँ स्थानमा रहेको क्यानडाको २१, पाँचौँ स्थानमा रहेको नामिबियाको २२ अङ्क छ। खेल तालिकाको अन्तिममा रहेको यूएईले १४ अङ्क बनाएको छ भने स्कटल्यान्ड ३८ अङ्कसहित खेल तालिकाको अग्र स्थानमा छ।



**लमजुङको भुजुङ गाउँ**

लमजुङको क्व्होलासोथार गाउँपालिका-४ स्थित भुजुङ गाउँ। परम्परागत घर, मौलिक गुरुङ संस्कृति, ग्रामीण जीवनशैली र प्राकृतिक सौन्दर्यका कारण भुजुङ पछिल्ला वर्षमा आकर्षक पर्यटकीय गन्तव्य बन्दै गएको छ। *तस्बिर: नवीन पौडेल/रासस*

# स्वास्थ्य क्षेत्रमा सामाजिक न्याय दिने गरी कानुन बनाउनुपर्नेमा जोड

काठमाडौँ, २ जेठ। स्वास्थ्य क्षेत्रका लागि स्पष्ट कानुनी व्यवस्था नहुँदा समस्या भइरहेकाले सामाजिक न्याय दिने कानुन बनाइनुपर्नेमा जोड दिइएको छ। राजधानीमा शुक्रबारदेखि सुरु भएको चिकित्सा एवं स्वास्थ्य सेवा कानुनसम्बन्धी तीनदिने सम्मेलनमा सहभागीहरूले स्वास्थ्यसम्बन्धी कानुनी स्पष्टता नहुँदा विभिन्न समस्या आएकाले सामाजिक न्याय दिने गरी कानुन मस्यौदा गरिनुपर्नेमा जोड दिइएको हो।

कार्यक्रममा कामु प्रधानन्यायधीश सपना प्रधान मल्लले बिरामी र चिकित्सक दुवैको सुरक्षा कवच हुनेगरी कानुन तर्जुमा गरिनुपर्नेमा जोड दिनुभयो। "संविधानमा स्वास्थ्यको अधिकार सुनिश्चित गरिएको छ, सार्वजनिक स्वास्थ्य ऐन पनि आएको छ। यति हुँदा पनि स्वास्थ्य क्षेत्रमा पर्याप्त कानुनी व्यवस्था नभएकाले सर्वोच्च अदालतले कानुनको व्याख्याबाट विस्तृत कानुनी व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो।

'मेडिकल इन्सुरेन्स' कसले गर्ने भन्ने निश्चित गरिनुपर्ने कामु प्रधानन्यायाधीश मल्लले बताउनुभयो। संविधानको मर्मअनुसार न्यायपालिकाले पुराना कानुन बदर गरिरहेको उहाँले जानकारी दिनुभयो। सम्मेलनमा आयुर्वेद र वैकल्पिक चिकित्सासम्बन्धी यस्ता महत्त्वपूर्ण कार्यक्रम राखेकामा उहाँले आयोजकलाई धन्यवाद दिनुभयो।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव पाराश्वर ढुङ्गानाले यसअघि भाषालाई ध्यान नदिएकाले नेपालको कानुन 'क्लिष्ट' (जटिल) भएर सामान्य मानिसले नबुझ्ने समस्या आइरहेको बताउनुभयो। कानुन लेखनमा भाषाको पक्षलाई बेवास्ता गरेकामा आगामी दिनमा यसलाई छलफलमार्फत समाधानतर्फ र स्पष्ट बनाउन मन्त्रालयले काम गरिरहेको उहाँले जानकारी दिनुभयो। सरल भाषामा कानुनको मस्यौदा गर्ने कामलाई मन्त्रालयले प्राथमिकतामा राखेको उहाँको भनाइ छ।

स्वास्थ्य र कानुन क्षेत्रले एकअर्काका समस्या बुझ्नुपर्ने सचिव ढुङ्गानाले जोड दिनुभयो। तीनदिने सम्मेलनले सामान्य मानिसले पनि पढेर बुझ्न सक्ने कानुन निर्माणका लागि आवश्यक सुझाव दिनुपर्ने भन्दै उहाँले सरोकार भएका सबैलाई आग्रह गर्नुभयो।

नेपाल बार एसोसिएसनका अध्यक्ष प्राडा विजयप्रसाद मिश्रले सेतो कोट लगाउन चिकित्सकले कुटाइ खाँदा चिकित्सकीय दुर्व्यवहारको मुद्दा चल्ने गरेकाले स्वास्थ्यकर्मीको सुरक्षालाई कानुनी रूपमा सुनिश्चित गरिएको बताउनुभयो। स्वास्थ्यकर्मीले पनि जिम्मेवार भएर स्वास्थ्य सेवा दिनुपर्नेमा उहाँको जोड थियो।

नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा. अनिलविक्रम कार्कीले चिकित्सकले डर, त्रासबिना सुरक्षित भएर स्वास्थ्य सेवा दिनसक्ने गरी नयाँ कानुन बनाइनुपर्ने बताउनुभयो। दोष जति सबै चिकित्सककै टाउकोमा थोपरेर गुणस्तरीय उपचार सेवा पाउन नसकिने उहाँको भनाइ छ।

सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्दै प्राडा सञ्जीवकुमार शर्माले अहिले आध्यात्मिक स्वास्थ्यका धेरै विषय पनि आएकाले त्यसलाई पनि स्वास्थ्य सेवामा कानुनी रूपमा जोड्नुपर्ने विचार राख्नुभयो। चिकित्सकले बिरामीका लागि लेखेका औषधिमा कुन दिने भन्ने बिक्रेताको हातमा रहने गरेकाले यसमा के कानुनी व्यवस्था गर्नुपर्छ भन्नेमा बहस आवश्यक रहेको उहाँले बताउनुभयो। गामीण भेगमा अहिले पनि एक जना चिकित्सकले डेढ लाख जनसङ्ख्यालाई हेर्नुपर्ने अवस्था रहेकाले यसमा उपयुक्त व्यवस्था कानुनी व्यवस्था गरिनुपर्ने डा. शर्माको भनाइ छ।

सम्मेलनको मुख्य आयोजक नीति अनुसन्धान प्रतिष्ठानका अध्यक्ष सह प्रा.डा. प्रेमराज न्यौपानेले स्वास्थ्य कानुनमा देखिएका विभिन्न समस्या समाधान हुने गरी आवश्यक कानुनी व्यवस्था गराउन सहयोग मिलोस् भनी कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार सम्मेलन आइतबारसम्म सञ्चालन हुनेछ।

कार्यक्रम संयोजक निकेशकुमार लम्सालले प्रमाणमा आधारित स्वास्थ्य नीति तथा कानुन तर्जुमाका लागि सहयोग मिलोस् भनी तीनदिने सम्मेलन आयोजना गरिएको बताउँदै यसमा करिब एक दर्जन कार्यपत्र प्रस्तुत गरी त्यसमाथि गहन छलफल सुरु भएको जानकारी दिनुभयो।

राज्यले स्वास्थ्य क्षेत्रको मार्गदर्शन निर्माण गर्न नसकेकाले अनुसन्धानमूलक कार्यपत्र तीन महिनाअघिदेखि माग गरेर छनोट गरी कार्यक्रम गरिएको उहाँले बताउनुभयो। सम्मेलनमा प्रस्तुत भएका कार्यपत्र र यसका मुख्य मुख्य छलफलका विषयलाई समेटी प्रतिष्ठानले पुस्तक प्रकाशन गर्ने पनि कार्यक्रम संयोजक लम्सालले जानकारी दिनुभयो।

काठमाडौँ स्कूल अफ लका प्राध्यापक इन्चार्ज प्राडा गीता पाठक सङ्ग्रौलाले राष्ट्रिय 'डेमोग्राफिक हेल्थ सर्वे' गरी धेरै वटा प्रतिवेदन आए पनि त्यसलाई कानुनमा प्रतिबिम्वित गर्न नसकिएको बताउनुभयो। औषधि, उपचारमा पहुँचका विषयमा छलफल गर्दा खाद्य सुरक्षाको विषयलाई पनि बिर्सन नहुने उहाँको भनाइ छ।

# वर्षाले दुई स्थानीय तहमा ४६ करोडको क्षति

काभ्रेपलाञ्चोक, २ जेठ। गत वैशाख १२ र १३ गतेको अविरल वर्षात्ले काभ्रेपलाञ्चोकको दुई स्थानीय तहमा करोडौँको क्षति पुर्‍याएको तथ्याङ्कले देखाएको छ।

उक्त वर्षाले दुई तहमा कृषि क्षेत्रमा पुर्‍याएको अनुमानित क्षतिको विवरण पनौती नगरपालिका र बेथानचोक गाउँपालिकाले जिल्लास्थित कृषि कार्यालयमा बुझाएका छन्। कृषि कार्यालयको विवरणअनुसार बेथानचोक-१ मा ६०० रोपनी क्षेत्रफलमा ८० मेट्रिकटन कृषि बाली उत्पादनमा क्षति पुगेको छ।

आलु, तोरी, सर्स्यु, केराउ, मकै, सुन्तला र बोधिचित्तका फूल तथा चिचिला नष्ट भएको जनाइएको छ। यस्तै तरकारी र फलफूलका बिरुवा पनि नस्ट भएका छन् भने वडा नं २ मा ४०० रोपनी, वडा नं ३ मा एक हजार २०० रोपनी, वडा नं ४ मा ६०० रोपनी, वडा नं ५ मा ५०० रोपनी र वडा नं ६ मा ३०० रोपनीमा क्षति पुगेको विवरण उल्लेख छ।

यसैगरी उक्त गाउँपालिकामा कागती, सुन्तला र बोधिचित्तका फूल, तरकारी बालीमा अधिक क्षति भएको गाउँपालिकालेसमेत जनाएको छ। करिब रु. ६५ लाख बराबरको उत्पादनमा क्षति पुगेको गाउँपालिकाका कृषि शाखा प्रमुख दिपेन्द्र पन्त जानकारी दिनुभयो।

त्यस्तै पनौती नगरपमा आलु रु ४३ करोड २६ लाख बराबरको क्षति भएको विवरण बुझाइएको छ। नगरका प्रमुख प्रशासकीय अधिकृत नोखिराम ओलीका अनुसार ७५० हेक्टरमा रोपिएको १० हजार ३०० मेट्रिकटन आलुमा आंशिक तथा पूर्ण क्षति भएको छ।

ओलीले कृषि कार्यालयमा बुझाएको विवरणमा ५०० टनेल रु. २५ लाख, १० हेक्टरमा लगाइएको गोलभैँडा २५० मेट्रिकटनअनुसार रु. एक करोड २५ लाख र १० हेक्टरमा लगाएको काँक्रा ३०० मेट्रिकटन अर्थात् रु. एक करोड ५० लाख बराबरको क्षति भएको बताउनुभयो। पनौतीमा मात्रै रु. ४६ करोडको कृषिबालीमा क्षति भएको नगरपालिकाको दाबी छ।

यसैबिच उक्त वर्षाले धुलिखेल नगरपालिका-१० र १२ नं वडाका कृषि बालीमा पुगेको क्षति तथा अन्य वडामा भएको क्षतिको विवरण आउन बाँकी रहेको कार्यालयले जनाएको छ। कार्यालय प्रमुख कुलप्रसाद दवाडीले कृषकलाई अन्नबाली, तरकारी बालीमा पुगेको क्षतिको राहतका लागि प्रदेश सरकारसँग समन्वय गरिएको बताउनुभयो। उहाँका अनुसार विसं २०८१ असोज १०-१२ को वर्षाले पुर्‍याएको क्षतिको विवरण सङ्कलन गर्दै प्रदेश सरकारमा पठाउँदै आएको राहत वितरण गरिरहेको छ।

वैशाख दोस्रो साताको वर्षापछि काभ्रेपलाञ्चोकका सांसद मधुकुमार चौलागाईंसहित स्थानीय जनप्रतिनिधि, जिल्ला कृषि विकास कार्यालयका प्राविधिसहितको टोलीले दुवै नगरमा पुगेको क्षतिबारे स्थानीयसँग जानकारी लिँदै एकीन विवरण वडा कार्यालयलाई उपलब्ध गराइदिन सुझाव दिनुभएको थियो। उहाँले धुलिखेल- १, ११ र १२ नं वडा तथा पनौती- ६, ८, ९ र १० वडाका खेतबारीमा लगाइएको आलु तथा तरकारी र अन्य फलफुलमा वर्षाले पारेको क्षतिको स्थलगत गर्दै "क्षतिको एकीन विवरण आएपछि पीडित कृषकलाई भेदभाव नगरी राहत उपलब्ध गराउन पहल गर्छु, यसका लागि संसद्मा समेत विषय उठान गर्नेछु", उहाँले भन्नुभयो।

।सम्पादकीय।

# पुँजीवादी गणतन्त्रले बहुमत जनताको सेवा नगर्ने

रास्वपा कम्युनिस्ट पार्टीविरोधी भएको स्पष्ट भयो । रास्वपाका उपसभापतिले भने, “हामी कम्युनिस्ट पार्टी होइनौं ।” रास्वपा पुँजीवादी प्रजातन्त्रवादी हो कि पुँजीवादी गणतन्त्रवादी हो ? विदेशी शक्ति राष्ट्रहरूको उठबसमा चल्ने पार्टी हो कि भन्ने नेपाली जनतामाझ चर्चाको विषय बनेको छ । कम्युनिस्ट पार्टीको उद्देश्यअनुसार काम नगर्ने पार्टीले बहुमत जनताको पक्षमा काम गर्दैन भन्ने कुरा प्रस्ट छ । कम्युनिस्ट पार्टीको विरोध गर्ने दललाई कम्युनिस्ट पार्टीप्रति आस्था राख्ने मतदाताले भोट दिनु आफ्नै खुट्टामा बञ्चरोले हान्नुसरह मानिन्छ । त्यसो त गएको प्रतिनिधिसभाको निर्वाचनमा नेका, एमाले र माओवादीहरूले पनि रास्वपा र रास्वपाका उम्मेदवारलाई मत हालेका थिए ।

रास्वपाको दर्शन, सिद्धान्त र विचार के हो ? स्पष्ट छैन । रास्वपाले कुन वर्गका जनताको सेवा गर्न स्थापना भएको पार्टी हो ? कुनै पार्टीले सामन्त, पुँजीपति, जमिनदार, जालीफटाहा, प्रतिक्रियावादीहरूको सेवा गर्छ, बहुमत जनताको हितलाई छाड्छ भने त्यो कसरी जनताको पार्टी हुन्छ ? सामन्त र पुँजीपतिवर्गको हितको निम्ति स्थापना भएको पार्टीलाई मजदुर, किसान तथा सर्वसाधारण जनताले मतदान गर्नु, त्यो पार्टीमा लाग्नु आफूले आफूलाई धोका दिनु हो । पुँजीवादी प्रजातन्त्र र पुँजीवादी गणतन्त्र त वैज्ञानिक समाजवादको तुलनामा पछि परेकै व्यवस्था हो । अल्पमतवर्गको सेवाको निम्ति खोलिएको व्यवस्था हो पुँजीवादी प्रजातन्त्र । जनताको इच्छा र आकाङ्क्षा नबुझ्ने शासकहरूले जनविरोधी प्रवृत्ति अँगाल्छ भने देशमा समाजवादी क्रान्ति सम्भव छैन या वैज्ञानिक समाजवाद स्थापना हुँदैन ।

शोषणमा आधारित पुँजीवादी गणतन्त्रले जनविरोधी र देशविरोधी गतिविधि गर्नु स्वाभाविक हो । पच्छिमी देशहरूमा औद्योगिक समाजको सुरुदेखि नै विभिन्न प्रकारका समाजवादी विचार एवं चिन्तन विकसित हुँदै वैज्ञानिक समाजवादसम्म आइपुगेको मार्क्सवाद एक तार्किक, वैज्ञानिक र ऐतिहासिक विश्लेषणबाट परिमार्जित दर्शनमा आधारित सिद्धान्त हो । वर्गसङ्घर्षको आन्तरिक र खुला रुपलाई साधारण कामदार जनताले आत्मसात गर्ने क्षमताको विकास नहोउञ्जेल सामन्ती र पुँजीवादी तत्त्वहरूले जनतामाथि रजाइँ गरिरहने छन्, गरिरहेका छन् । देश र जनताको निम्ति सङ्घर्षरत पार्टीलाई माथि नउठाउन देशी विदेशी प्रतिक्रियावादीहरूले अनेक चलखेल गरिरहेका हुन्छन् । सिद्धान्त र विचारलाई आत्मसात गर्ने व्यक्तिहरू कुनै व्यक्तिसित भएको वादविवाद, असन्तोष या मतभेदको आधारमा आफू लागिपरेको दल छोड्दैनन्; दल छोड्न अघि सर्दैनन् र अरु दलका उम्मेदवारलाई मतदान गर्दैनन् । कसैसँगको रिस, विवादको आधारमा अर्को दलका उम्मेदवारलाई मतदान गर्नु भनेको आफ्नो दलको सिद्धान्तको विरोधमा लाग्नु हो; त्यो एक प्रकारको विश्वासघात हो । सिद्धान्त र विचारमा अडान नभएका कार्यकर्ताहरूले के देश र जनताको सेवा गर्लान् ? के उनीहरू देशमा आमूल परिवर्तन गर्न लाग्लान् ? सङ्कीर्ण विचारका नेता तथा कार्यकर्ताहरूको विचारमा सुधार ल्याउन कम्युनिस्ट पार्टीले अझै पुराना तथा नयाँ कार्यकर्तामाझ पुगी सङ्गठन गर्नुपर्ने खाँचो छ । कुनै कार्यकर्ता या साथीभाइको विवाद र असन्तोषको कारण आफ्नो मत विश्वासिलो पार्टीलाई नदिई अरु पार्टीलाई दिएर के मन शान्त हुने हो ?

आफू काम नगर्ने, आफ्नो गल्ती छोप्न अरु कार्यकर्ताको मात्र विरोध गर्ने व्यक्तिहरूको काम के सही हो ? अरूको विरोध गरेर आफ्नो गलत काम सच्चिने होइन । आफ्नो गलत काम अरु पार्टीले गर्न पाएमा मख्ख पर्ने बखान कति न्यायोचित हुन्छ ? यसकारण, पार्टीमा आबद्ध कुनै पनि नेता तथा कार्यकर्ताहरूमा द्वैधचरित्र हुनु हुँदैन । आफ्नो अपराध छोप्न पार्टी छोड्ने, व्यक्तिगत समस्यालाई लिएर पार्टीको विरोध गर्ने र अरु दललाई मतदान गर्ने व्यक्तिहरू सच्चा कार्यकर्ता होइनन् । उनीहरू अवसरवादी हुन् । सानो स्वार्थको निम्ति ठुलो उद्देश्य भुल्ने या बाटो बिराउने कार्यकर्ताहरू सच्चिनुपर्छ । अत: नयाँ होस् या पुरानो कुनै दलको मूल उद्देश्य, सिद्धान्त र विचार थाहा नपाइकन साथ दिने, त्यस्तो पार्टीको पछि लाग्ने काम बुद्धिमानी होइन ।

# चौथो वरियताका मनोज शर्मा प्रधानन्यायाधीशमा सिफारिस


रामप्रसाद प्रजापति

*एमाले र काङ्ग्रेस सरकार र प्रमुख प्रतिपक्षी दलका रूपमा संसद र सरकारमा रहँदा दुबैले विभिन्न राजनीतिक नियुक्ति, राजदूत नियुक्ति जस्तै न्यायालयमा समेत भागबन्डामा नियुक्ति गर्दै आएकै हुन् ।*

*२०७२ असोजमा मल्लको सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति हुँदा पनि दुई जना एमालेबाट र २ जना काङ्ग्रेसबाट भागबन्डामा नियुक्ति गरिएको थियो ।*

*कानुन अध्ययन समाज नेपालको तर्फबाट तत्कालीन नेपाल बार एसोसिएसनको केन्द्रीय कार्यसमितिको निर्वाचनमा उम्मेदवारी दिँदै गर्दा उक्त नियुक्ति राजनीतिक भागबन्डाको नियुक्ति भएको भन्दै कडा विरोध गरेकै हो ।*

*मल्ल संविधानसभाको निर्वाचनमा नेकपा एमालेको समानुपातिक बन्द सूचीबाट उम्मेदवार भई संविधानसभा सदस्य (सांसद) बनेका थिए ।*

मनोजकुमार शर्मा अहिले नेपालको सर्वोच्च अदालतका २० जना न्यायाधीशहरूमध्ये चौथो वरियताका न्यायाधीश हुन् ।

उनको सर्वोच्च प्रवेश हुँदा पनि उनी तत्कालीन पूर्वप्रधानन्यायाधीश दामोदर शर्माको कोटाबाट तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठले छनोट गराएको भन्ने चर्चा चलेको थियो । उनी दामोदर शर्माका भतिज हुन् ।

उनको सुरुमा उच्च अदालतको न्यायाधीशको रूपमा प्रवेश पाउँदा पनि विवादित समाचार प्रकाशित भएको थियो । २०७० सालमा उनले वकालत गरेको ११ वर्ष हुँदा तत्कालीन पुनरावेदन अदालत, बुटवलको अस्थायी न्यायाधीशको रूपमा नियुक्ति पाएको, नियुक्ति पाएर सपथग्रहणलगत्तै नेकपा एमालेको बल्खुस्थित पार्टी कार्यालयमा गएको विवादित समाचार प्रकाशित भएको थियो ।

दुई वर्ष उच्च अदालत, बुटवलमा काम गरेपछि उनी २०७२ सालमा तत्कालीन पुनरावेदन अदालतको पदमुक्त भए । २०७२ सालको संविधानले त्यसभन्दा अगाडि रहेको अस्थायी न्यायाधीश तथा अतिरिक्त न्यायाधीशको पद नै राखेन । संविधानले स्थायी न्यायाधीशको मात्रै कल्पना गऱ्यो । त्यसैले शर्माको न्यायाधीश पद सकियो ।

तत्पश्चात् शर्मा पुन: वकालत पेसामै फर्किए । वकालत पेसामा केही समय रहेका उनलाई २०७६ वैशाख ६ गते सर्वोच्च अदालतको स्थायी न्यायाधीशका रूपमा नियुक्ति दिएको थियो ।

२०२७ सालमा वीरगञ्जमा जन्मेका शर्माले २०५१ सालमा अधिवक्ताको प्रमाणपत्र लिएको र २०६० देखि २०६५ सम्म कानुन विषयमा अध्यापन गराएको बताइन्छ ।

## न्याय परिषद्को सिफारिस

सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्तिका लागि वितगमा न्याय परिषद्ले संविधानको धारा १२९(३) बमोजिम योग्यता पुगेका न्यायाधीशहरूको सूची संवैधानिक परिषद्मा पठाउने गरिन्थ्यो । प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद्ले न्याय परिषद्ले पठाएका योग्यता पुगेका न्यायाधीशहरूको सूचीबाट पहिलो नम्बर अर्थात् वरिष्ठताका आधारमा प्रधानन्यायाधीश नियुक्तिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने अभ्यास थियो ।

न्याय परिषद्ले २०८२ फागुन २६ गते नै सर्वोच्च अदालतका प्रधानन्यायाधीश पदमा नियुक्ति हुन योग्यता पुगेका ६ न्यायाधीशको सूची संवैधानिक परिषद्मा सिफारिस गरी पठाएको थियो ।

नेपालको संविधानको धारा १२९(३) मा “सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीशको पदमा नियुक्ति हुन योग्य हुनेछ ।” भन्ने व्यवस्था रहेको पाइन्छ । साथै धारा १२९ उपधारा (४) मा प्रधानन्यायाधीशको पदावधि छ वर्षको हुने व्यवस्था गरेको पाइन्छ ।

सोहीबमोजिम न्याय परिषद्ले सर्वोच्च अदालतका न्यायाधीशहरूमध्ये संविधानबमोजिम प्रधानन्यायाधीश पदमा नियुक्ति हुन योग्यता पुगेका छ जना न्यायाधीशहरूको नाम सिफारिस गरिएको थियो । न्याय परिषद्ले फागुन २६ गते वरियताका आधारमा क्रमश: सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल, मनोजकुमार शर्मा, तिलप्रसाद श्रेष्ठ र नहकुल सुवेदी गरी छ जनाको नाम सिफारिस गरेको थियो ।

## संवैधानिक परिषद्को सिफारिस

हालै संवैधानिक परिषद्को बैठकबाट चौथो वरियतामा रहेका मनोजकुमार शर्मालाई सर्वोच्च अदालतको ३३ औँ प्रधानन्यायाधीशमा सिफारिस गरेको छ ।

कानुन दिवस (वैशाख २६) को पूर्वसन्धामा वैशाख २४ गते बिहीबार साँझ प्रधानमन्त्री बालेन्द्र साहको अध्यक्षतामा बसेको संवैधानिक परिषद्को बैठकले शर्मालाई प्रधानन्यायाधीश पदमा सिफारिस गरेको हो ।

यसपछि उनको संसदीय सुनुवाइ हुनेछ । जसका लागि उनीविरुद्ध उजुरी दर्ता गर्न संसदीय सुनुवाइ समितिले सार्वजनिक रूपमा सूचना आह्वान गरेको छ । संसदीय सुनुवाइ समितिबाट दुईतिहाइ बहुमतले अस्वीकार गरेमा मात्रै शर्माको सिफारिस रोकिने छ । अन्यथा शर्मा प्रधानन्यायाधीश पदमा नियुक्ति हुने कुरामा शङ्का रहेन । किनभने, संसदीय सुनुवाइ समितिमा पनि रास्वपाकै बहुमत छ ।

नेपालको इतिहासमा यसअघि दीपकराज जोशीको सिफारिसलाई संसदीय सुनुवाइ समितिले रोकेको थियो ।

मनोजकुमार शर्माले सर्वोच्च अदालतको न्यायाधीश भई काम गर्दा एनसेल नेपालको करिब ४३ अर्ब रुपैयाँ कर छुट हुने विवादित फैसला गरेको पनि आरोप छ ।

उनको नाम सिफारिस हुँदै गर्दा संवैधानिक परिषद्का दुई सदस्यहरू राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल र प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले लिखित असहमति राखेको बताइन्छ ।

कानुनविज्ञहरूको भने फरक फरक मत रहेको देखिन्छ । वरियताका आधारमा न्यायाधीश नियुक्ति गर्न संविधान वा कानुलले रोक नलगाएको भएपछि त्यसको ठोस र संस्थागत रूपमा न्यायोचित ठहरिने कुनै बलियो कारणबिना चल्दै आएको परम्परा तोड्न नहुने एक थरी विज्ञहरूको भनाइ रहेको छ भने अर्को थरीका कानुनविद्हरू यो पटकको नियुक्ति सिफारिसलाई चुनौती र अवसरको रूपमा लिनुपर्ने तर्क अघि सार्छन् ।

कतिपय कानुनविद्हरू यो पटकको नियुक्ति सिफारिसले न्यायालयमा राजनीतिक हस्तक्षेप भएको र यसले न्यायपालिका सङ्कुचनमा पर्ने चिन्ता व्यक्त गर्दछन् ।

न्यायालय सुधारका थुप्रै प्रतिवेदनहरू तयार गरिएका छन् । सर्वोच्च अदालतलगायतका न्यायालयभित्र रहेका कैयौँ समस्याबारे ती प्रतिवेदनहरूमा एकरूपता पनि देखिन्छ । धेरै न्यायाधीशहरूको अनुहारमा राजनीतिक दलको चित्र देखिने गरेको गुनासो पुरानै हो ।

न्यायमा कमजोर पहुँच र ढिलासुस्तीको आलोचना पनि हुँदै आएको छ । राजनीतिक प्रकृतिका रिटलगायतका सार्वजनिक सरोकारका निवेदनको सुनुवाइमा बढी समय खर्च हुँदा सर्वसाधारण जनताको मुद्दाको पालो नै पाउन मुस्किल हुने हुँदा सर्वसाधारण जनताका मुद्दाले वर्षौं वर्षसम्म धाउनुपर्ने बाध्यता जगजाहेर छ ।

## कामु प्रधानन्यायाधीशको भनाइ

चौथो वरियताका मनोज शर्मालाई सर्वोच्च अदालतको प्रधानन्यायाधीशको पदमा नियुक्तिका लागि सिफारिस गरिएपछि पहिलो वरियतामा रहेका कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लले कानुन दिवसको अवसरमा आयोजित एक कार्यक्रममा भावुक हुँदै कडा मन्तव्य व्यक्त गरेका छन् ।

उनले न्यायपालिका कुनै पनि प्रकारको डर, त्रास वा राजनीतिक प्रभावबाट मुक्त हुनुपर्नेमा जोड दिनुपर्ने बताएका छन् । “डर र प्रभावमा न्याय सम्भव छैन चाहे त्यो दुईतिहाइ सरकारको डर नै किन नहोस् । चाहे त्यो महाभियोगको डर नै किन नहोस् ।” उनले वर्तमान रास्वपा सरकारप्रति इङ्गित गरेको देखियो ।

यो कुरा यसअघि पनि आउन सक्थ्यो । तर, आएको देखिएन । हुन त उनको नियुक्ति पनि विवादित नै थियो । एमाले र काङ्ग्रेस सरकार र प्रमुख प्रतिपक्षी दलका रूपमा संसद र सरकारमा रहँदा दुबैले विभिन्न राजनीतिक नियुक्ति, राजदूत नियुक्ति जस्तै न्यायालयमा समेत भागबन्डामा नियुक्ति गर्दै आएकै हुन् ।

२०७२ असोजमा मल्लको सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति हुँदा पनि दुई जना एमालेबाट र २ जना काङ्ग्रेसबाट भागबन्डामा नियुक्ति गरिएको थियो ।

कानुन अध्ययन समाज नेपालको तर्फबाट तत्कालीन नेपाल बार एसोसिएसनको केन्द्रीय कार्यसमितिको निर्वाचनमा उम्मेदवारी दिँदै गर्दा उक्त नियुक्ति राजनीतिक भागबन्डाको नियुक्ति भएको भन्दै कडा विरोध गरेकै हो ।

मल्ल संविधानसभाको निर्वाचनमा नेकपा एमालेको समानुपातिक बन्द सूचीबाट उम्मेदवार भई संविधानसभा सदस्य (सांसद) बनेका थिए ।

नियुक्तिपश्चात् प्रजातन्त्रको ढोल पिट्ने, विधिको शासनको भाषण गरेर नठाक्ने शक्ति पृथकीकरणको सिद्धान्त, सरकारका तीन महत्त्वपूर्ण अङ्गहरूबिचको सन्तुलन र नियन्त्रणको सिद्धान्तलाई आफू अनुकुल व्याख्या गरेर राजनीतिक अभिष्ट पूरा गर्न गराउन नुनको सोझो गर्दै आएको जगजाहेर छ ।

यद्यपि भागबन्डाको आधारमा नियुक्तिको शङ्कालाई अहिले पनि अन्त्य हुन्छ कि भन्ने विश्वास गर्न सक्ने अवस्था छैन । प्रधानन्यायाधीश न्याय परिषद्को अध्यक्ष हुने, न्याय परिषद्मा प्रधानमन्त्रीको सिफारिसमा एक र कानुनमन्त्री सदस्य हुने हुँदा आफूअनुकूल स्वेच्छाचारिता सरकार र न्यायालयभित्र पनि बढ्न सक्ने आशङ्का रहनेछ ।

प्रधानन्यायाधीश पदमा नियुक्ति पाउने व्यक्तिले भोलिका दिनमा सर्वोच्च अदालतका अन्य न्यायाधीश, उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति, कारबाही, सरुवा बढुवालगायत न्यायालयका महत्त्वपूर्ण क्रियाकलापहरूमा अहम् भूमिका हुने हुँदा आगामी दिनमा हुने नियुक्ति, निर्णय/फैसलाका असर तथा परिणाम हेर्न आवश्यक हुन्छ ।

*- २०८३ वैशाख २७*

# अफ्रिकी जनताको फ्रान्सेली उपनिवेशवादविरोधी सङ्घर्षको अध्याय : हो चि मिन्ह र अफ्रिका – २

✍ हौसला



सन् १९७० को दशकमा चीन र अफ्रिकामा कम्युनिस्टविरोधी, प्रतिक्रियावादी र शासकहरूको गठबन्धन अगाडि बढेको थियो र ती गठबन्धनले विश्वमा प्रतिक्रान्तिकारी रणनीति लियो, अति राष्ट्रवादी नीति अघि सार्यो । आर्थिक र सामाजिकरूपमा अत्यन्तै पिछडिएका देशहरूलाई सार्वभौमिकता र सुरक्षाको धम्की दिइयो । अफ्रिकी जनता स्वतन्त्र हुन नपाउँदै पुन: साम्राज्यवादीहरू अफ्रिकी महादेशमा नाटोको माध्यमबाट अझ बलियो बने र अफ्रिकी देशहरूलाई विखण्डित बनाउने काम जारी रह्यो । त्यतिमात्र होइन अफ्रिकी समाजवादी देशहरू या कम्युनिस्ट पार्टीहरूसँगको गठबन्धन तोड्न उद्यत रह्यो ।

तर अफ्रिकामा अन्तर्राष्ट्रिय प्रतिक्रियावाद र साम्राज्यवादविरोधी आन्दोलन रोकिएन । अफ्रिकी महादेशका जनताले नवउदारवादी, साम्राज्यवादी र विस्तारवादीहरूलाई अझ नजिकबाट चिने । आफ्नो महादेशको स्वतन्त्रताका निम्ति अझ सङ्गठित बने । सार्वभौमिकताका निम्ति बलियो बनेर उभिए । अफ्रिकी जनताले आफ्नो मुक्तिको बाटो आफ्नै दममा खोज्न र हिँड्न छोडेनन् । यद्यपि, वास्तविकता के हो भने अफ्रिकी महादेशभित्रै पनि विभिन्न देशको फरक-फरक अवस्था थियो । भियतनामी र अफ्रिकी क्रान्तिको एक आपसमा अत्यन्त नजिकसँग जोडियो । का. होले बलियो बनाउनुभएको भियतनाम-अफ्रिका सम्बन्धका लागि अफ्रिकी जनता अनुग्रहित छन् । भियतनाम- अफ्रिकाबिचको सहकार्य विभिन्न क्षेत्रमा विकसित भयो । कूटनीति, आर्थिक, राजनीतिक, सांस्कृतिक, वैज्ञानिक र प्राविधिक क्षेत्रमा सहकार्य बलियो बन्यो । लडाकु ऐक्यबद्धतामार्फत अफ्रिकी देशहरूमा रुसी क्रान्तिको आभा छर्नु, समाजवादी क्रान्तिको बीउ छर्नु का. होको अतुलनीय योगदानको रूपमा स्मरण गरिन्छ ।

यसरी यस पुस्तक 'हो चि मिन्ह र अफ्रिका' ले हो चि मिन्हको सङ्घर्षमय जीवनका अध्यायहरूसँगै भियतनामी क्रान्तिको विश्वमा प्रभाव, भियतनाम र अफ्रिकी महादेशबिचको क्रान्तिकारी सम्बन्ध र सहकार्य उजिल्याउँछ । सम्पूर्ण औपनिवेशिक देशहरूमा साम्राज्यवादी देशहरूको बर्बर शोषण र अन्यायका पाशविक दृश्यहरूलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ ।


यस पुस्तकभित्र का. होले देखेको अफ्रिका, नेतृत्व गरेको स्वतन्त्रता आन्दोलनको शब्ददृश्य प्रस्तुत छ । एक सच्चा मार्क्सवादी र लेनिनवादी भई अन्तर्राष्ट्रिय जगतका कामदार जनताको दु:ख, पीडा बाँच्ने सरल नेता होले अफ्रिकासँग सम्बन्धित सन् १९२२-१९२५ सम्मका औपनिवेशिक र राष्ट्रिय सवालमा केन्द्रित रही लेख्नुभएका लेखहरू सङ्कलित छन् । हो चि मिन्हबारे केही अफ्रिकी व्यक्तित्वले लेखेका प्रकाशित लेखहरू सङ्ग्रहित छन् । यी सम्पूर्ण लेखहरूले हो चि मिन्हको उँचो व्यक्तित्वका साथै विश्व उपनिवेशवादविरोधी आन्दोलनको इतिहास उजागर गर्छ ।

औपनिवेशिक सवालमा केही विचारहरू शीर्षकको लेखमा फ्रान्सेली पार्टीले सामना गरेका थुप्रै समस्याहरूलाई सतहमा ल्याइएको छ । अत्यन्त ठुलो आकारको उपनिवेश फ्रान्सले खडा गरेको थियो । एसियामा ४५ लाख वर्ग किलोमिटर, अफ्रिकामा ३५ लाख ४१ हजार वर्ग किलोमिटर, अमेरिकामा १० लाख ८० हजार वर्ग किमि र ओसिनियामा २१ लाख ६० हजार वर्ग किमिमा उपनिवेश लागु गर्‍यो, जुन फ्रान्सको भूभागभन्दा ८ गुणाले बढी हो, ४ करोड ८० लाख जनतामाथि उपनिवेशवादी शासन लागू गर्‍यो । ती जनता फरक भाषा, संस्कृतिका थिए । करिब २० वटा फरक भाषा थिए । ती जनताको एउटै साझा समस्या भनेको गरिबी थियो ।

फ्रान्सेली उपनिवेशले मातृभूमिका सर्वहारावर्गको शक्तिलाई नजरअन्दाज गर्‍यो । सम्पूर्ण औपनिवेशिक देशहरूमा कामदार वर्गीय जनता नै स्वतन्त्रता आन्दोलनको शक्ति साबित भयो । उपनिवेशवादीहरूले आदिवासी जनतालाई बेवास्ता गर्‍यो । हिन्द-चिनी र नयाँ डाहोमीमा चलेको वर्गसङ्घर्ष, औद्योगिक क्षेत्रमा सुरु भएको मजदुर आन्दोलन उपनिवेशविरुद्ध केन्द्रित बन्यो । फ्रान्सेली शासकहरूले आदिवासी जनतालाई पशु या कुकुरभन्दा तलको दर्जामा राखेर शासन चलाए । अत्यन्त खतरनाक शारीरिक श्रम गराए, शोषणका सम्पूर्ण पराकाष्ठा नाघे । औपनिवेशिक देशहरूमा स्थानिय आदिवासी र फ्रान्सेली मजदुरबिच पूर्वाग्रह सुरु भएको थियो । फ्रान्सेली कामदारले आदिवासीलाई कमजोर, निम्न र उपेक्षित मानव जातिको व्यवहार गर्थ्यो भने आदिवासी जनताले सम्पूर्ण फ्रान्सेली नै दुष्ट शोषक ठान्थ्यो । शोषित वर्गबिचको यस्तो शङ्का र पूर्वाग्रहबाट साम्राज्यवादी र उपनिवेशवादीहरूले नै फाइदा लुटे, कामदारवर्गबिच फुट गराए । फ्रान्सेली उपनिवेशले क्रुर दमनको सम्पूर्ण सिमाना पार गर्‍यो । तर आफ्नो साम्राज्यको कुरूपता, आपराधिक शोषणलाई लुकाउन औपनिवेशिक पुँजीवादले सधैँभरि 'भ्रातृत्व र समानताको' ब्यानर बोक्यो, नारा लगायो । आदिवासी जनता भोक, गरिबी र रोगको सिकार बनिरहँदा, नयाँ पुस्ता शिक्षा र स्वास्थ्यबाट बञ्चित हुन परेको त्यो समयमा समानताको नारा ठुलो व्यङ्ग्य बन्यो ।

फ्रान्सेली प्रशासनको अमानवीय अत्याचारले पराकाष्ठा नाघ्दै गर्दा तिनीहरू सभ्यता र सभ्य हुनुको गौरव गाउँदै थिए । एकजना फ्रान्सेली प्रशासकले नेग्रो महिलाको गानेन्द्रियमा उम्लेको रबर खन्याएको घटनाले फ्रान्सेली शासकको सभ्यताको पर्दाफास हुन्छ । त्यतिमात्र होइन ती महिलालाई टाउकोमा ठुलो ढुङ्गा बोक्न लगाई टन्टलापुर घाममा नमरेसम्म हिँडाइएको थियो । फ्रान्सेली शासकहरूले यी र यस्ता थुप्रै अमानवीय र निर्दयी दुर्व्यवहारका घटना पुस्तकमा मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । बा रिया (Ba Ria) मा भन्सारका हाकिमलाई बार्दलीबाट डिस्टर्ब गर्‍यो भन्दै एक अनामोली (Annamese) महिलालाई मृत्यु नहुञ्जेल नुन बोक्न लगाइएको थियो । अर्की नुन बोक्ने अनामोली महिलाले आफ्नो ज्याला माग्दा हाकिमले हातपात गरेको र तल्लो पेटमा खुट्टाले हानेर ती महिलाको पेटबाट रगत बगेर अचेत बनेको घटना पढ्दामात्र पनि मुटु कमाउने खालको छ । त्यसरी अत्याचार गर्ने हाकिमहरूलाई फ्रान्सेली मालिकले पुरस्कार दिन्थ्यो । ती कसरी सभ्य कहलिन सक्छन् ? पुस्तकले प्रश्न तेर्साएको छ ।

पुस्तकमा एक Smoked Man को चर्चा छ । नोनागेरियाली ड्याडी किमेन्गो (Dady Kimengo) अर्थात् स्मोक भ्यान क्रान्तिकारी आर्मीमा लामो समय अनुभव प्राप्त गरेका र कालो गणतन्त्रका संस्थापक हुन् । उनले आफ्नो सुझबुझ, बौद्धिक क्षमता देशवासी काला जातिका दाजुभाइहरूलाई सामाजिक राजनीतिक रूपमा जागरुक बनाउने र सदियौँदेखि बाँधिएको दासताको सिक्री चुँडाल्ने आन्दोलनमा सरिक बनाउन मेहेनत गरे । राष्ट्रियता र जातीयताका पूर्वाग्रहहरू मेटेर फरक-फरक रङ्गका कामदार जनतालाई एकताबद्ध गर्ने सङ्घर्षमा होमिए । उनका प्रयत्न सफलतामा टुङ्गिए । अत्यन्त पीडा सहेर बीउ रोपे र खुसीको फसल काट्ने निकै थोरै मानिसहरूमध्ये उनी एक हुन् । उनी प्रभावशाली व्यक्तित्व र स्पष्ट वक्ता थिए । उनको





मन्तव्यको अंश- "हामी फ्रान्सेली उपनिवेशबाट शोषित छौँ । यहाँ हुनेखाने र हुँदामात्र खाने वर्ग छन् । जसले हामीबाट सबै खोसे तीनले हाम्रो निम्ति केही गर्ने छैनन् । गरिब जनता धनीको फाइदाका निम्ति मर्न पर्ने बाध्यता छ । तिनीहरूबिचको झगडामा अचानो हामी बन्छौँ, हाम्रो रगत बग्छ । त्यसैलाई हामीले रगत -कर (Blood Tax) मान्यौँ । हामीले कमाएको र जोहो गरेको सम्पूर्ण खाना तिनले खोस्छन् या तीनलाई बुझाउनुपर्ने बाध्यता छ । यसलाई हामीले 'मुद्रा कर' (Money Tax) भन्यौँ ।" जसले ती करहरू तिर्न अस्वीकार गरे तीनलाई भयानक जङ्गल पठाइयो, गुफाहरूमा जीवनलाई तान्दै बसे । २०० भन्दा बढी मानिसहरू एउटै गुफामा, खाना, पानी छैन, बाहिर निस्किए बारुद र बन्दुकको फेला परिन्छ । अत्यधिक सङ्ख्याले गुफाभित्र उकुसमुकुसको स्थिति पैदा भयो, प्रकाश देख्न नपाएर, भोक सहन नसकेर बच्चाहरू, महिलाहरू रुन, कराउन थाले । कहाँ भाग्ने, कता जाने कुनै बाटो फ्रान्सेली शासकले छोडेनन् । मानिसहरूले धमाधम प्राण त्याग्न थाले । अँध्यारो र कालो धुवाँले आक्रमण गरेको त्यो गुफा साँचो नर्क बनिसकेको थियो । त्यतिबेला उनी गुफाभित्रै थिए । सास फेर्न कठिन हुँदै थियो, सबै अचेत अवस्थामा पुगिसकेका थिए उनले खतरा मोलेरै गुफा बाहिर निस्कने अठोट गरे र निक्लिए । सो गुफालाई 'सहिदहरूको गुफा' पनि भनिन्छ । उनीहरू गाउँ- गाउँमा भौतारिए । अन्तत: एक गोरा कम्युनिस्ट विचारक ब्युरे (Breuere) को छत्रछायामा पुगे र अन्तिम घडीसम्म भ्रातृत्व, स्वतन्त्रता र साम्यवादको उद्देश्य प्राप्तिका निम्ति लडिरहे । स्वास अँठ्याउने धुँवामा बुद्धि प्रयोग गरी लामो समय बसी खतराको सामना गर्दै गुफाबाट निस्किने बहादुर (Smoked Man) लाई का. होले सम्झनुभएको छ । यस्ता थुप्रै शासनाका कथाहरू पुस्तकमा छापिएका छन् ।

अम्डोनी (Amdouni) र बेन बेल्खिर (Ben Belkhir) को शहादत कथा पुस्तकले प्रस्तुत गरेको छ । न्याय, कानुनको शासन र सभ्यता रक्षा गर्ने युद्धमा दसौं लाख ट्युनिसियाली पैदल सेना परिचालन गरिएको थियो । तीमध्ये ६० प्रतिशतले फर्कन पाएनन् । ट्युनिसियाली लडाकुहरूलाई फूलको वर्षा गरी अभिनन्दन गरिन्थ्यो । भ्रातृत्वको सम्बन्ध रगत र गौरवसँग जोडिएको थियो तर पछि ट्युनिसियालीहरूमाथि फ्रान्सेली शासक निर्मम बन्दै गयो । फ्रान्सेली शासकका निम्ति काम गर्ने अम्डोमी र बेन-बेल्खिरलाई अङ्गुर चोरीको आरोपमा निर्ममतापूर्वक अचेत हुने गरी पिटिएका घटना छ जसले आदिवासी, फ्रान्सेली साम्राज्यका निम्ति रगत बगाए तीमाथि लट्ठी बसाइन्छ । यसरी पिटिएका र पिट्दै पिट्दै प्राण त्यागेका जनताको पीडा, आँसु र दु:खलाई पुस्तकले प्रस्तुत गरेको छ ।

सेनीगेयाली उद्गमका बक्सर सिकीबारे पुस्तकमा चर्चा छ । उनले सन् १९२० मा विश्वव्यापी मध्यम-तौलअन्तर्गतको प्रतियोगितामा जीत हासिल गरेका थिए । साथै प्रख्यात फ्रान्सेली बक्सर कार्पेन्टियरलाई हराएका थिए । सिकी सेनेगलका भए पनि फ्रान्सले आफ्नो देशको सन्तान भन्दै जीतलाई आफ्नो नाममा पार्‍यो । पछि सिकीलाई आफू काला जातिको भएकै कारण बक्सिङबाट टाढा राखिएका, अवसर खोसिएका घटनाहरू पनि छन् । एकजना गोरो बक्सरलाई हराएका सिकीलाई त्यस समाजले कहित्यै माफ गर्दैनथ्यो र गरेन । जातीय अहङ्कार हाबी भएको त्यो औपनिवेशिक युगका काला जातिका प्रतिभाहरूले त्यसै मर्नुपर्ने, आत्मसमर्पण गर्नुपर्ने अवस्था सिर्जना गरिन्थ्यो । सिकीको सन्दर्भमा पनि त्यही भयो । उनको प्रतिभा सुरुमा उपनिवेशवादी देशले प्रयोग गर्‍यो पछि उनैलाई सिध्याउन षड्यन्त्रहरू रचिए । हिन्दचिनीदेखि पश्चिम अफ्रिका विषुपवृत्तीय अफ्रिका, क्यामरुन, माडागास्कर, मार्टिनीक ग्वाडेलुप, थिनी, नयाँ क्यालेडोनिया, नयाँ हेब्रिड्स, ओसिनिया, भारतमा फ्रान्सको बन्दोबस्त, सोमालिल्यान्ड लगायत थुप्रै देशको फ्रायाङ्क (Francs) अर्थात् पैसाले फ्रान्सेली उपनिवेशको समृद्धि सम्भव भएको हो । का. होले फ्रान्सेली सरकारको साम्राज्यवादी नीति र फ्रान्सेली पुँजीवादी समाजको संस्कारको विरोध गर्न (Aesopian) साङ्केतिक भाषा पनि उपयोग गर्नुभएको थियो । उहाँले उपनिवेशवादी देशहरू बेल्जियमलाई Flemish Monkey र फ्रान्सलाई गालिक भाले (Gallic Cock) लेख्नुभएको छ । साथै, अत्यधिक नाफा लिने व्यवसायी मालिकहरूलाई भल्चर र शोषकहरूलाई कागको संज्ञा दिनुभएको छ ।

पुस्तकमा पेरिस सम्मेलनको चर्चा छ । प्रथम विश्व युद्धपश्चात् आयोजित पेरिस सम्मेलनमा विजयी देशहरूले हारेका देशहरूलाई शान्ति सम्झौतामा हस्ताक्षर गराउन आयोजना गरिएको थियो । त्यो एउटा नयाँ शक्ति सम्बन्ध स्थापनाको अभ्यास थियो । सम्पूर्ण साम्राज्यवादी देशबिच एकता कायम राख्ने र सोभियत सङ्घको समाजवादलाई कमजोर बनाउने उद्देश्य सो सम्मेलनले बोकेको थियो । पेरिस सम्मेलन १९१९ जनवरी १८ बाट सुरु भई सन् १९२० जनवरी २१ मा टुङ्गिएको थियो । उक्त सम्झौतामा विश्व युद्ध हारेका देशहरू जर्मनी, अष्ट्रिया, बुल्गेरिया, हङ्गेरी र सुल्टानको टर्कीले हस्ताक्षर गरेका थिए । पेरिस सम्मेलनलाई शान्ति सम्मेलन पनि भनिन्छ जुन जर्मनीसँग सन् १९१९ जून २८ मा भर्सिलिज दरबारमा भएको थियो । यो सम्झौतालाई भर्सिलिज सम्झौता पनि भनिन्छ । युरोपमा जर्मनीको प्रभुत्व रहिरहने डरले फ्रान्सले जर्मनीबाट रुअर छुट्याएको थियो । सन् १९२३ बाट फ्रान्स र बेल्जियमले रुअरमाथि आधिपत्य जमाउन सुरु गर्‍यो । यसरी फ्रान्स झन्झन् विशाल साम्राज्यको रूपमा अगाडि बढ्दै गयो !






प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको औपचारिक भ्रमणमा आएको भियतनाम कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिवका विशेष दूत तथा पार्टी पोलिटब्युरो सदस्यले होइ ट्रङ नेतृत्वको प्रतिनिधिमण्डल कोरियाली जनताका महान् नेताहरू किम इल सङ र किम जोङ इलको प्रतिमामा पुष्पार्पणका निम्ति जाँदै मे १५, २०२६ का दिन । प्रजग कोरिया र समाजवादी गणतन्त्र भियतनामबिच विशेष मित्रता र भाइचाराको सम्बन्ध रहेको छ । *तस्बिर : केसीएनए*

# रूसी राष्ट्रपति पुटिनको चीन भ्रमणको कार्यक्रम सार्वजनिक

मस्को, जेठ २ (एएफपी) । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको चीनको दुई दिने भ्रमणको कार्यक्रम मे १९-२० सम्मलाई तथ भएको क्रेमलिनले शनिबार जनाएको छ ।

भ्रमणको क्रममा रूसी राष्ट्रपति पुटिनले आफ्ना चिनियाँ समकक्षी सी जिनपिङसँग भेटी मस्को र बेइजिङबिचको साझेदारी र रणनीतिक सहयोगलाई कसरी अझै सुदृढ पार्ने भन्नेबारे छलफल गर्ने क्रेमलिनले विज्ञप्तिमार्फत जनाएको छ ।

पुटिन र सीले "प्रमुख अन्तर्राष्ट्रिय र क्षेत्रीय सवालहरूमा पनि विचार आदान-प्रदान गर्ने र वार्तापछि संयुक्त घोषणापत्रमा हस्ताक्षर गर्ने कार्यक्रम तय भएको जनाइएको छ ।

भ्रमणको क्रममा पुटिनले चिनियाँ प्रधानमन्त्री ली छियाङसँग पनि आर्थिक तथा व्यापारिक सहयोगबारे छलफल गर्ने कार्यक्रम तथा भएको जनाइएको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पको पहिलो चीन भ्रमण शुक्रबार सम्पन्न भएपछि पुटिनको भ्रमणको घोषणा भएको जनाइएको छ । भ्रमणले युक्रेन-रूस द्वन्द्वलगायत व्यापार र भू-राजनीतिक तनाव कम गर्न भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

चीनले युद्ध अन्त्य गर्न नियमित रूपमा वार्ताको आह्वान गर्दै आफूलाई तटस्थ पक्षको रूपमा प्रस्तुत गरेको जनाएको छ ।

बेइजिङले मस्कोलाई रक्षा उद्योगका लागि हतियार र सैन्य सामाग्रीहरू प्रदान गरेको कुरा अस्वीकार गर्दै पश्चिमी देशहरूलाई युक्रेनलाई हतियार दिएर द्वन्द्व लामो बनाएको आरोप लगाएको छ ।

द्वन्द्वको विषयलाई लिएर रूसमाथि लगाएको आर्थिक प्रतिबन्धको बिचमा रूसी जीवाष्म इन्धनको विश्वको शीर्ष खरिदकर्ताको रूपमा, चीन मस्कोको प्रमुख आर्थिक साझेदार बनेको जनाइएको छ ।

# तेलको मूल्य बढ्दा विश्वभरका शेयर बजारमा गिरावट

न्युयोर्क, २ जेठ (एपी) । विश्वभरका शेयर बजारमा शुक्रबार ठूलो गिरावट आएको छ । तेलको मूल्य लगातार बढ्न थालेपछि लगानीकर्तामा आर्थिक चिन्ता बढ्दै जाँदा अमेरिकीसहित विश्वका प्रमुख शेयर बजारहरू दबाबमा परेका हुन् । विशेषगरी कृत्रिम बुद्धिमत्ता प्रविधिसँग सम्बन्धित कम्पनीहरूको शेयरमा तीव्र गिरावट आएपछि बजारमा व्यापक असर परेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

अमेरिकाको एस एन्ड पी पाँच सय सूचकाङ्क अघिल्लो दिन बनाएको ऐतिहासिक उच्च बिन्दुबाट करिब १ दशमलव २ प्रतिशतले घटेको छ । त्यस्तै डाउ जोन्स औद्योगिक सूचकाङ्क पाँच सय ३७ अङ्कले ओरालो लागेको छ भने नास्डाक सूचकाङ्क करिब १ दशमलव ५ प्रतिशतले घटेको बताइएको छ । पछिल्ला महिनाहरूमा कृत्रिम बुद्धिमत्ता प्रविधिप्रति बढेको उत्साहका कारण तीव्र उकालो लागेको प्रविधि कम्पनीहरूको शेयरमा अचानक गिरावट आएपछि बजार अस्थिर बनेको हो ।

कृत्रिम बुद्धिमत्ता क्षेत्रको प्रमुख कम्पनीका रूपमा चिनिएको एनभिडियाको शेयर मात्रै ४ दशमलव ४ प्रतिशतले घटेको छ । यद्यपि यस वर्ष हालसम्म उक्त कम्पनीको शेयर मूल्य २६ प्रतिशतभन्दा बढीले बढिसकेको थियो । त्यस्तै माइक्रोन टेक्नोलोजीको शेयर ६ दशमलव ६ प्रतिशतले घटेको छ, यद्यपि यस वर्ष कम्पनीको शेयर मूल्य अझै पनि करिब १ सय ५४ प्रतिशतले माथि रहेको बताइएको छ ।

विश्लेषकहरूले बजार अत्यधिक बढेको अवस्थामा पुगेकाले केही समयको गिरावट स्वाभाविक भएको बताएका छन् । बलियो अमेरिकी अर्थतन्त्र र कम्पनीहरूको राम्रो आम्दानीले बजारलाई उच्च बिन्दुसम्म पुऱ्याए पनि आगामी दिन सहज नहुने चेतावनी दिइएको छ ।

यसबिच मध्यपूर्वमा जारी युद्धका कारण तेलको मूल्य निरन्तर बढिरहेको छ । विशेषगरी इरानसँगको द्वन्द्व लम्बिँदै जाँदा विश्वकै महत्त्वपूर्ण तेल आपूर्ति मार्ग हर्मुज जलडमरू बन्द रहेकाले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल आपूर्ति प्रभावित भएको छ । तेल ट्याङ्करहरू आवतजावत गर्न नसक्दा विश्वभर तेलको मूल्य बढेको र त्यसले मुद्रास्फीतिको दबाब थप बढाएको विश्लेषण गरिएको छ । तेल मूल्य वृद्धिका कारण विश्व अर्थतन्त्रमा थप अनिश्चितता बढेको र त्यसको प्रत्यक्ष असर शेयर बजारमा देखिएको जनाइएको छ ।

# इजरायल – लेबनानबिच ४५ दिनको युद्धविराम विस्तारमा सहमति : अमेरिकी विदेश विभाग

वासिङ्टन, २ जेठ (एएनआई) । लेबनानमा जारी इजरायली आक्रमणको बिचमा इजरायल र लेबनानले आगामी ४५ दिनका लागि युद्धविराम विस्तार गर्न सहमत भएको अमेरिकी विदेश विभागले जानकारी दिएको छ ।

अमेरिकी विदेश विभागका प्रवक्ता टोमी पिगटले वासिङ्टनमा सम्पन्न भएको शान्ति वार्ता फलदायी भएको बताउँदै आगामी जुन २ - ३ मा राजनीतिक वार्ता जारी रहने कुरामा जोड दिनुभएको छ । यसैबिच, मे -२९ मा पेन्टागनमा "सुरक्षा ट्रयाक" सुरु हुने र यसमा इजरायल र लेबनानका दुवै अधिकारीहरू उपस्थित हुने जनाइएको छ ।

छलफलले दुई देशबिच स्थायी शान्तिलाई अगाडि बढाउने, एक अर्काको सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई पूर्ण मान्यता दिने र उनीहरूको साझा सीमामा वास्तविक सुरक्षा स्थापना गर्ने पिगटलाई उद्धृत गर्दै अलजजिराले जनाएको छ ।

इजरायलले शुक्रबार दक्षिण लेबनानमा गरेको आक्रमणमा सात जनाको मृत्यु भएपछि युद्ध विराम प्रयास गरिएको लेबनानको सरकारी मिडियालाई उद्धृत गर्दै अलजजिराले रिपोर्ट गरेको छ ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च -२ देखि इजरायलले गरेको आक्रमणमा दुई हजार ९५१ जनाको मृत्यु भएको छ ।

यद्यपि जारी शान्ति वार्ताको बिचमा, हेजबुल्लाहले बुधबार दक्षिणी लेबनानमा इजरायली सैन्य केन्द्र सवारी साधनहरूलाई लक्षित गरी १७ वटा अपरेसन गरेको इरानी मिडियाले जनाएको छ ।

अपरेसनहरूमा आठ वटा ड्रोन आक्रमण, पाँचवटा क्षेप्यास्त्र वा रकेट आक्रमण, एउटा तोपखाना आक्रमण र एउटा निर्देशित क्षेप्यास्त्र प्रक्षेपण समावेश रहेको मिडियाले जनाएको छ ।

यसैबिच इजरायल डिफेन्स फोर्स (आईडीएफ) ले आफ्नो आधिकारिक टेलिग्राम च्यानलमार्फत केही समयअघि दक्षिणी लेबनानमा आईडीएफ सैनिकहरू क्षेत्रमा पहिचान गरिएको हवाई लक्ष्यतर्फ इन्टरसेप्टर प्रक्षेपण गरिएको जनाएको छ ।

# भन्सार शुल्कपछि अमेरिकामा जर्मन उत्पादन महँगिए

बर्लिन, २ जेठ (सिन्ह्वा) । अमेरिकाले लगाएको उच्च भन्सार शुल्कका कारण बढेको आयात लागतको असर अहिले प्रत्यक्ष रूपमा अमेरिकी उपभोक्तामाथि पर्न थालेको छ । अमेरिकामा सञ्चालनमा रहेका अधिकांश जर्मन कम्पनीहरूले अतिरिक्त लागत धान्न आफ्ना उत्पादन तथा सेवाको मूल्यवृद्धि गरेका छन् ।

जर्मन उद्योग तथा वाणिज्य मण्डलद्वारा शुक्रबार सार्वजनिक गरिएको एक विस्तृत सर्वेक्षणअनुसार अमेरिकामा व्यवसाय गरिरहेका दुईतिहाइभन्दा बढी जर्मन कम्पनीहरूले अमेरिकी भन्सार नीतिका कारण उत्पन्न अतिरिक्त खर्च ग्राहकबाटै असूल गर्न मूल्य बढाउने रणनीति अपनाएका हुन् ।

उक्त सर्वेक्षणमा विश्वभर सञ्चालनमा रहेका चार हजार ५०० भन्दा बढी जर्मन कम्पनी सहभागी थिए । सर्वेक्षणले अमेरिकी व्यापार नीति, भन्सार शुल्क तथा नीतिगत अनिश्चितता अझै पनि विदेशी कम्पनीहरूका लागि प्रमुख व्यावसायिक चुनौती बनेको देखाएको छ ।

प्रतिवेदनअनुसार गत वर्ष अमेरिकाले लागू गरेको नयाँ भन्सार शुल्कपछि कम्पनीहरूमा सुरुमा ठूलो अन्योल र दबाब सिर्जना भएको थियो । तर पछिल्लो समय व्यावसायिक वातावरणमा केही सुधार देखिएको छ । अमेरिकामा रहेका ४३ प्रतिशत जर्मन कम्पनीहरूले हालको व्यवसायिक अवस्था राम्रो रहेको बताएका छन् । यो सङ्ख्या सन् २०२५ को शरद ऋतुमा ३९ प्रतिशत मात्र थियो ।

यद्यपि, जर्मन उद्योग तथा वाणिज्य मण्डलले अहिलेको सुधारलाई पूर्ण रूपमा सकारात्मक भन्न नमिल्ने जनाएको छ । संस्थाका अनुसार हालको व्यापारिक अवस्था अझै पनि दीर्घकालीन औसतभन्दा कमजोर रहेको छ, जसले अमेरिकी बजारप्रति कम्पनीहरूको सतर्कता कायम रहेको सङ्केत गर्छ ।

सर्वेक्षणले अमेरिकी अर्थतन्त्रप्रति पनि जर्मन कम्पनीहरू पूर्ण रूपमा आशावादी नरहेको देखाएको छ । करिब ३० प्रतिशत कम्पनीहरूले आगामी एक वर्षमा अमेरिकी आर्थिक अवस्था अझ बिग्रिने अनुमान गरेका छन् । त्यसको विपरीत केवल २४ प्रतिशत कम्पनीहरूले मात्र आर्थिक अवस्थामा सुधार आउने विश्वास व्यक्त गरेका छन् ।

विशेषज्ञहरूका अनुसार भन्सार शुल्कको दीर्घकालीन असर अन्ततः उपभोक्तामाथि नै पर्ने भएकाले वस्तु तथा सेवाको मूल्यवृद्धि अमेरिकी बजारमा महँगी बढाउने प्रमुख कारण बन्न सक्छ ।

# पोल्यान्डमा थप सैनिक पठाउने अमेरिकी योजना रद्द

वासिङ्टन, २ जेठ (सिन्ह्वा) । अमेरिकाले पोल्याण्डमा थप सैनिक पठाउने योजना अचानक रद्द गरेपछि युरोपमा अमेरिकी सैन्य उपस्थितिबारे नयाँ चर्चा सुरु भएको छ । अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले अमेरिकास्थित चार हजारभन्दा बढी सैनिकलाई अस्थायी रूपमा पोल्याण्ड पठाउने तयारी अन्तिम समयमा स्थगित गरेको विभिन्न अमेरिकी सञ्चारमाध्यमहरूले जनाएका छन् । यो निर्णय विशेषगरी दोस्रो बख्तरबन्द ब्रिगेड लडाकु टोलीसँग सम्बन्धित रहेको बताइएको छ ।

अमेरिकी स्थलसेनाका कार्यवाहक प्रमुख क्रिस्टोफर ला नेभले संसदीय सुनुवाइका क्रममा युरोपियन कमान्डलाई सैनिक सङ्ख्या घटाउने निर्देशन दिइएको जानकारी दिनुभयो । उहाँका अनुसार विस्तृत परामर्शपछि उक्त ब्रिगेडलाई युरोपमा तैनाथ नगर्ने निर्णय गरिएको हो । उहाँले केही सैनिक सदस्यहरू विदेश पठाइसकिएको र आवश्यक सैन्य उपकरणसमेत मार्गमा रहेका बेला योजना रोकिएको खुलासा गर्नुभयो ।

रिपोर्टअनुसार सैनिक तैनाथी रद्द गर्ने आदेश अमेरिकी रक्षामन्त्री पिट हेगसेथको कार्यालयबाट आएको हो । यद्यपि पेन्टागनले यस विषयमा हालसम्म कुनै औपचारिक सार्वजनिक घोषणा गरेको छैन । अमेरिकी सिनेटको सशस्त्र सेवा समितिकी सदस्य जिन शाहिनले संसदलाई यसबारे कुनै पूर्वजानकारी नदिइएको बताउँदै सरकारको निर्णय प्रक्रियामाथि प्रश्न उठाएकी छन् । उहाँले सञ्चारकर्मीसँग कुरा गर्दै आफूहरूलाई यसबारे जानकारी नदिइएको स्पष्ट पार्नुभयो ।

यो निर्णय अमेरिकाले युरोपमा आफ्नो सैन्य रणनीति पुनरावलोकन गरिरहेको सङ्केतका रूपमा हेरिएको छ । केही समयअघि मात्रै पेन्टागनले जर्मनीबाट करिब पाँच हजार अमेरिकी सैनिक आगामी ६ देखि १२ महिनाभित्र फिर्ता बोलाइने घोषणा गरेको थियो । युक्रेन युद्धपछि पूर्वी युरोपमा सुरक्षा चिन्ता बढिरहेका बेला अमेरिकाले पोल्याण्डमा थप सैनिक नपठाउने निर्णय गर्नु रणनीतिक दृष्टिले महत्त्वपूर्ण मानिएको छ ।

पोल्याण्ड हाल उत्तर एटलान्टिक सैन्य गठबन्धनअन्तर्गत पूर्वी युरोपको महत्त्वपूर्ण सुरक्षा साझेदारका रूपमा हेरिन्छ, जहाँ अमेरिकी सैनिक उपस्थिति रूससँगको तनावका कारण विशेष महत्त्व राख्दै आएको छ । यस्तो अवस्थामा सैनिक तैनाथी रोक्ने निर्णयले अमेरिकाको आगामी सुरक्षा नीति र युरोपमा सैन्य भूमिकाबारे थप चासो बढाएको छ ।

# सोमालियामा गहिरिँदो मानवीय सङ्कट तत्काल विश्वव्यापी सहयोगको अपिल

राष्ट्रसङ्घ, २ जेठ (सिन्ह्वा) । सोमालियामा गम्भीर खाद्य सङ्कट गहिरिँदै गएको भन्दै संयुक्त राष्ट्रसङ्घअन्तर्गतका विभिन्न मानवीय एजेन्सीहरूले तत्काल सहायता विस्तार गर्न विश्व समुदायसँग आग्रह गरेका छन् । खाद्य तथा कृषि सङ्गठन, मानवीय सहायता समन्वय कार्यालय, बाल कोष तथा विश्व खाद्य कार्यक्रमले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार सोमालियामा अहिले करिब ६० लाख मानिस गम्भीर खाद्य असुरक्षाबाट प्रभावित छन्, जुन देशको कुल जनसङ्ख्याको झण्डै एक-तिहाइ हो । तीमध्ये १९ लाख बालबालिका प्रत्यक्ष रूपमा प्रभावित भएका छन् भने करिब ४ लाख ९३ हजार बालबालिका अत्यन्त गम्भीर कुपोषणको अवस्थामा पुगेका छन् ।

लामो समयदेखिको खडेरी, आन्तरिक असुरक्षा, अत्यन्त सीमित मानवीय सहायता तथा मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वको अप्रत्यक्ष असरका कारण अवस्था झन् खराब बन्दै गएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । विशेषगरी दक्षिणपश्चिमी राज्यको बुरहाकाबा क्षेत्रमा सन् २०२२ पछिकै पहिलोपटक अनिकालको जोखिम देखिएको चेतावनी दिइएको छ । सन् २०२२ मा ठूलो मात्रामा अन्तर्राष्ट्रिय मानवीय सहायता परिचालन गरिएकाले सम्भावित अनिकाल टार्न सफल भएको स्मरण गराउँदै संयुक्त राष्ट्रसङ्घले अहिले पनि तत्काल र व्यापक सहयोग आवश्यक रहेको जनाएको छ । हाल जोखिमयुक्त क्षेत्रमा सहायता विस्तार गर्ने प्रयास भइरहे पनि स्रोत र बजेट अभावका कारण देशभरका करिब ९० प्रतिशत प्रभावित मानिसले पर्याप्त सहयोग पाउन नसकेको बताइएको छ ।

# धर्म, परम्परा र विज्ञान : कर्मकाण्डको भीडमा हराउँदै गरेको चेतना

✍ सत्य सुवाल

मानिस शरीरले मात्र मानिस बन्दैन। उसलाई चेतना, सोच, व्यवहार, संस्कार र मानवताले मानिस बनाउँछ। सभ्यताको सुरुवातदेखि नै मानिसले जन्म, मृत्यु, प्रकृति, रोग, समय, सुख-दु:ख र जीवनको रहस्य बुझ्ने प्रयास गरिरहेको छ। यही खोजबाट धर्म जन्मियो, परम्परा बने, संस्कार बस्यो र पछि विज्ञानले तिनै कुरालाई तर्क, प्रमाण र अनुसन्धानबाट व्याख्या गर्न थाल्यो। त्यसैले धर्म, विज्ञान र अध्यात्म मूल रूपमा एकअर्काका शत्रु होइनन्; ती मानव चेतनालाई फरक-फरक बाटोबाट उज्यालो दिने माध्यम हुन्।

सुरुवाती समयमा धर्मको उद्देश्य मानिसलाई डर देखाउनु होइन, अनुशासन, सहअस्तित्व र मानवता सिकाउनु थियो। नदीलाई 'माता' भनियो ताकि मानिसले पानीको सम्मान गरोस्। रुखलाई 'देवता' मानियो ताकि जङ्गल जोगियोस्। गाईलाई 'माता' भनियो किनकि कृषि, दूध र जीवनसँग उसको गहिरो सम्बन्ध थियो। मृत्यु संस्कारमा शुद्धताको नियम राखियो ताकि रोग नफैलियोस्। धेरै परम्पराको पछाडि सामाजिक, स्वास्थ्य र वैज्ञानिक कारण लुकेका थिए।

तर, समय बित्दै जाँदा मानिसले कारण बिर्सियो, कर्मकाण्ड मात्र समात्यो।

आज समाजमा धेरै कुरा 'किन ?' भनेर होइन, 'पहिलेदेखि यस्तै हुँदै आएको' भनेर गरिन्छ। एउटा कोठामा केही बाँदर राखिएका थिए। बिचमा भऱ्याङ थियो र माथि केराको झुप्पा। कुनै बाँदर केरा टिप्न चढेपछि माथिबाट चिसो पानी झर्थ्यो र सबै बाँदर भिज्थे। त्यसपछि सबै बाँदरले चढ्न खोज्नेको खुट्टा तान्न थाले। समय बित्दै गयो। पुराना बाँदरहरू बितेर गए र नयाँहरू आए। नयाँ बाँदरले कहिल्यै पानी परेको देखेका थिएनन्, तर कसैले चढ्न खोजे भने सबैले उसको खुट्टा तान्थे। किन तानिरहेको हो भन्ने कारण कसैलाई थाहा थिएन। बस 'यस्तै हुँदै आएको' थियो।

आज हाम्रो समाजका धेरै परम्परा त्यस्तै छन्।

किन १०८ वा लाखबत्ती बाल्ने ? किन धूप बाल्ने ? किन परेवा उडाउनु ? किन यति धेरै भाकल ? किन बलि ? किन नगरे देवता रिसाउँछन् भन्ने डर ? धेरै मानिसलाई कारण थाहा छैन, तर धेरैले गरिरहेका छन्।

धेरै परम्पराको सुरुमा कुनै साङ्केतिक अर्थ थियो। दियो बाल्नु अन्धकारमाथि उज्यालोको प्रतीक थियो। धुपबत्ती वातावरण शान्त र सुगन्धित बनाउन प्रयोग हुन्थ्यो। १०८ सङ्ख्या योग, ध्यान र ब्रह्माण्डसँग जोडिएको प्रतीक थियो। परेवा शान्तिको प्रतीक थियो। बलिको गहिरो अर्थ आफ्नो लोभ, क्रोध, अहङ्कार र विकार मार्नु हुन सक्छ। तर, समयसँगै मानिसले भित्री अर्थ छोडेर बाहिरी प्रदर्शन समात्न थाल्यो।

आज धर्मभन्दा 'देखाउनु' ठुलो भएको छ। कसले ठुलो पूजा गऱ्यो। कसले धेरै खर्च गऱ्यो। कसले धेरै बत्ती बाल्यो। कसले ठुलो भाकल राख्यो। कसले ठुलो भोज दियो। यही नै धार्मिकताको मापनजस्तो भएको छ।

यदि लाखबत्ती बाल्दैमा धर्म हुने भए गरीब मानिसले कहिल्यै धर्म गर्न सक्दैनथ्यो। यदि मन्दिर धाउँदैमा धर्म हुने भए मन्दिर वरपर बस्ने सबै मानिस महान् हुनुपर्ने थियो। धर्म पैसा, भीड र प्रदर्शनले नापिने कुरा होइन; व्यवहार, न्याय र मानवताले नापिने कुरा हो।

आज मानिस मन्दिर जान्छ, पूजा गर्छ, दान गर्छ, तर फर्किएपछि मजदुरको पैसा काट्छ, दाजुभाइको अंश खान्छ, अरूको चरित्र हत्या गर्छ, झूट बोल्छ, कमजोरलाई हेप्छ। बिहान भजन गाउँछ, मुखमा भगवान् हुन्छ, व्यवहारमा घमण्ड र अन्याय हुन्छ। यही कारणले आज धर्म धेरै ठाउँमा चेतनाभन्दा कर्मकाण्डमा सीमित भएको छ।

समाजमा अर्को खतरनाक सोच पनि बढेको छ–पहिले पाप गर्ने, पछि पूजा गरेर पखाल्ने।

कसैले भ्रष्टाचार गर्छ। गरीबको हक खान्छ। ठगी गर्छ। झूट बोलेर अरूलाई दु:ख दिन्छ। अनि अन्त्यमा ठुलो पूजा लगाउँछ, मन्दिरमा दान गर्छ, भाकल राख्छ र आफूलाई धर्मात्मा ठान्छ। मानौं, भगवान्लाई पनि घुस दिएर पाप काट्न सकिन्छ।

यदि पूजा गरेर सबै पाप मेटिने भए सत्य, न्याय र कर्मको अर्थ नै के रहन्थ्यो ?

आज धेरै मानिस भाकललाई पनि सौदाबाजीजस्तो बनाउन थालेका छन्, "यो गरिदेऊ भगवान्, म यति चढाउँछु।" "काम बने लाखबत्ती बाल्छु।" "भाकल पूरा नगरे देवता रिसाउँछन्।" यदि भगवान् साँच्चै दयालु हुनुहुन्छ भने उनी किन डर, घुस र सौदाबाजीमा चल्ने ?

यदि भगवान्ले सबै सृष्टि बनाए भने पशु पनि यही सृष्टिका जीव हुन्। त्यसो भए बलि दिएर भगवान् किन खुसी हुने ?

नेपाल र भारतका धेरै धार्मिक परम्परामा नदी, खोला र पानीलाई पवित्र मानिन्छ। गङ्गा, वाग्मती, कोसी, गण्डकी, यमुनाजस्ता नदीहरूलाई 'माता' भनेर सम्मान गरिन्छ। मृत्यु संस्कारमा खोलाको जल चढाइन्छ, अन्तिम समयमा गङ्गाजल वा पवित्र जल राखे आत्माले शान्ति पाउँछ भन्ने विश्वास गरिन्छ। यसको मूल भावना प्रकृतिप्रतिको सम्मान र जीवनको पवित्रताको प्रतीक थियो।

तर, विडम्बना के छ भने जसलाई 'पवित्र' भनिन्छ, त्यही खोलामा सबैभन्दा धेरै फोहोर, ढल र दुर्गन्ध मिसाइन्छ। यदि पानी साँच्चै पवित्र हो भने त्यसलाई सफा राख्नु नै सबैभन्दा ठुलो पूजा होइन र ? नदीलाई फूल चढाउनुभन्दा त्यसमा फोहोर नफाल्नु ठुलो धर्म होइन र ?

आज पूजा धेरै छ, संरक्षण कम छ। श्रद्धा धेरै छ, जिम्मेवारी कम छ। यहीं धर्मको वास्तविक अर्थ र व्यवहारबिचको दूरी देखिन्छ।

आज नेपाल र भारतका धेरै धार्मिक स्थलहरूमा 'VIP दर्शन', 'विशेष पूजा' र 'छिटो दर्शन' का नाममा पैसा तिरेर लाइन काट्ने चलन बढ्दो छ। गरीब मानिस घण्टौं लाइनमा उभिन्छ, तर पैसा र पहुँच हुनेहरू सिधै भित्र पुग्छन्। यदि भगवान् साँच्चै सबैका लागि समान हुन् भने यस्तो विभाजन किन ?

धर्म त समानता, सेवा, करुणा र



विनम्रताको मार्ग हुनुपर्ने हो, तर कतिपय ठाउँमा त्यो व्यापार, पहुँच र प्रतिष्ठाको विषयजस्तो बन्दै गएको छ।

श्राद्ध, विवाह, पूजाआजा र संस्कारहरूमा पनि भित्री भावनाभन्दा बाहिरी प्रदर्शन ठुलो हुँदै गएको छ। भोज कति ठुलो भयो, खर्च कति भयो, कति मान्छे बोलाइयो - यिनै कुराले 'इज्जत' नापिने अवस्था बन्दै गएको छ।

धर्मले त मानिसलाई सरल, विनम्र र संवेदनशील बनाउनुपर्ने हो, तर विडम्बना ! कतिपय ठाउँमा धर्मकै नाममा अहङ्कार, प्रतिस्पर्धा र देखासिकी बढिरहेको छ।

धर्म केवल मन्दिर, पूजा र कर्मकाण्डमा सीमित हुँदैन; त्यो मानिसको बोली, व्यवहार, संस्कार र आचरणमा पनि देखिनुपर्छ।

मानिसको भाषा नै उसको संस्कारको पहिलो परिचय हो। शब्द केवल आवाज होइन; ती सोच, सम्मान, चेतना र संस्कारका ऐना हुन्। एउटै कुरा फरक तरिकाले बोल्दा त्यसको प्रभाव आकाश-जमिन जत्तिकै फरक हुन सक्छ। भाषामा संस्कार हराएपछि सम्बन्धमा पनि दूरी बढ्न थाल्छ। भाषाशास्त्रमा पनि शब्द र व्यवहारले सामाजिक सम्मान र अपमान निर्धारण गर्ने देखाइएको छ।

वास्तवमा धर्मको सबैभन्दा ठुलो परीक्षा मन्दिरमा होइन, घरभित्र हुन्छ। मानिसले आफ्ना आमाबुबासँग कस्तो व्यवहार गर्छ; कमजोरलाई कति सम्मान गर्छ ? मजदुरको पसिनाको मूल्य बुझ्छ कि बुझ्दैन ? सत्यको पक्षमा उभिन्छ कि चुप लाग्छ ? त्यहीं उसको धर्म, संस्कार र चेतनाको वास्तविक रूप देखिन्छ। हिन्दू धर्मका वेद, उपनिषद्, गीताले पूजा गर्ने विधि मात्र सिकाएका होइनन्; तिनले सत्य, कर्म, मर्यादा, न्याय र जीवनको अर्थ सिकाएका छन्। राम केवल मन्दिरमा राखिने देवता होइनन्, मर्यादा र जिम्मेवारीका प्रतीक हुन्। कृष्ण केवल बाँसुरी बजाउने पात्र होइनन्, अन्यायविरुद्ध उभिने चेतना हुन्।

बुद्ध केवल मूर्ति होइनन्, करुणा र विवेकका मार्ग हुन्।

रावण वध केवल एउटा मानिस मारिएको घटना होइन; त्यो अहङ्कार र शक्ति दुरूपयोगमाथिको विजयको प्रतीक हो। कंस वध अत्याचारविरुद्धको चेतना हो। देवताको दर्शन गर्नु भनेको केवल मूर्ति ढोग्नु होइन; उनीहरूले देखाएको जीवनदर्शन पछ्याउनु हो।

विश्वका अन्य धर्महरूको मूल शिक्षा पनि अन्तत: मानवता, सत्य र नैतिकतामै केन्द्रित देखिन्छ। इस्लामले इमानदारी र समानता सिकायो। इसाई धर्मले प्रेम र क्षमाको महत्त्व दियो। बौद्ध धर्मले करुणा र आत्मचेतनाको मार्ग देखायो। सिख धर्मले श्रम र सेवाको भावना सिकायो। जैन धर्मले अहिंसालाई सर्वोच्च मानेको छ। धर्महरू फरक बाटाजस्ता देखिए पनि अधिकांशको अन्तिम गन्तव्य मानवता नै हो।

जात व्यवस्थाको इतिहास पनि सुरुमा कामको विभाजन थियो, तर पछि जन्मका आधारमा स्थायी विभाजनमा बदलियो। श्रम गर्ने हातलाई तल्लो बनाइयो, तर त्यही श्रममाथि समाज उभिएको थियो। विडम्बना के छ भने धर्मले मानवता सिकाउने ठाउँमा कतिपय समाजले धर्मकै नाममा छुवाछुत र विभेदलाई परम्परा बनायो।

जबकि कुनै बच्चा जन्मिँदा उसको निधारमा जात लेखिएको हुँदैन। रगतको रङ्ग एउटै हुन्छ, आँसु एउटै हुन्छ, पीडा एउटै हुन्छ।

बुद्धले जन्मले होइन, कर्मले मानिस ठुलो हुन्छ भन्नुभयो। विज्ञानले पनि मानिसको शरीर, चेतना र अस्तित्वमा कुनै जातीय श्रेष्ठता नभएको स्पष्ट देखाइसकेको छ। जात प्रकृतिले बनाएको होइन; समाजले बनाएको संरचना हो।

विज्ञानले सधैँ प्रश्न गर्छ, 'किन ?' 'कसरी ?' 'प्रमाण के हो ?'

धर्मको मूल उद्देश्य पनि मानिसलाई सही बाटोमा हिँडाउनु थियो। समस्या त्यहाँ सुरु हुन्छ जहाँ प्रश्न गर्न छोडिन्छ र डरलाई धर्म मान्न थालिन्छ। जब विवेक हराउँछ, धर्म चेतना होइन अन्धविश्वास बन्छ।

कम्युनिस्ट सिद्धान्तले पनि मूल रूपमा श्रमको सम्मान, समानता र शोषणविरुद्धको आवाज उठायो। मजदुरको पसिना खाने व्यवस्थाको विरोध गऱ्यो। यस अर्थमा धर्मले सिकाएको मानवता र कम्युनिस्ट विचारले उठाएको समानताको चेतनाबिच धेरै समानता देखिन्छ। तर, विडम्बना के भयो भने धर्म धेरै ठाउँमा कर्मकाण्डमा सीमित भयो, सिद्धान्त धेरै ठाउँमा भाषण र नारामा सीमित हुँदै गयो।

भक्तपुरको नेवार समाज इँटा, मन्दिर र जात्राको सहर होइन; यो जीवित संस्कृतिको विशाल सङ्ग्रहालय हो। इन्द्रजात्रामा देव-मानव सम्बन्धको कथा छ। बिस्का जात्रामा सामूहिक शक्ति र सङ्घर्षको प्रतीक छ। गाईजात्रामा व्यङ्ग्यभित्र लुकेको सामाजिक चेतना छ। म्ह: पूजामा आत्माको सम्मान छ। सिथि नख:मा पानी र प्रकृतिप्रतिको कृतज्ञता छ। दाफा भजन केवल सङ्गीत होइन; त्यो मनलाई अनुशासनमा बाँध्ने साधना हो। गुठी परम्परा केवल संस्कार चलाउने व्यवस्था थिएन; त्यो 'म' भन्दा 'हामी' ठुलो हो भन्ने जीवनदर्शन थियो।

तर, समयसँगै कतिपय ठाउँमा संस्कृतिको आत्माभन्दा बाहिरी आवरण मात्र बाँकी रहन थालेको छ। बाजा बजिरहेको छ, तर भाव हराउँदै गएको छ। पूजा भइरहेको छ, तर चेतना सुक्दै गएको छ। भीड बढेको छ, तर आत्मीयता घट्दै गएको छ।

अन्तत: धर्म भनेको मन्दिर धाउनु, धूप-दियो बाल्नु वा ठुलो कर्मकाण्ड गर्नु मात्र होइन। धर्म त्यतिबेला सुरु हुन्छ - जब कसैको भोक देखेर आफ्नो थालको अन्न बाँडिन्छ। जब अन्यायको अगाडि चुप लाग्नुको सट्टा सत्यको पक्षमा उभिन्छ।

जब मजदुरको पसिनाको मूल्य बुझिन्छ आमाबुबाको सम्मान गरिन्छ। कमजोरलाई हेपिँदैन। झूट र धोका जीवनको उपाय बन्दैन। मानवता हराएर गरिएको पूजा केवल धुवाँ हो; उज्यालो होइन।

आस्था सुन्दर कुरा हो, किनकि त्यसले मानिसलाई आशा दिन्छ। तर, जब आस्था प्रश्न गर्न नसक्ने अन्धभक्तिमा बदलिन्छ, तब मानिसले आफ्नो विवेक गुमाउन थाल्छ। धर्मले मानिसलाई चेतनशील, दयालु र विनम्र बनाउनुपर्ने हो; यदि धर्मकै नाममा घमण्ड, डर, विभेद र प्रदर्शन बढ्छ भने त्यहाँ धर्मको आत्मा हराइसकेको हुन्छ।

अन्त्यमा, मानिसले सम्झिने कुरा तपाईंले कति ठुलो पूजा गर्नुभयो भन्ने होइन। स्मरणमा रहने कुरा त तपाईंको व्यवहारले कसैको अँध्यारो जीवनमा कति उज्यालो थप्यो भन्ने हो।

# मधेसमा एचआइभीको बढ्दो बोझ, बालबालिका र गर्भवतीमा पनि सङ्क्रमण

● सुरेश झा/रासस

जनकपुरधाम। मधेस प्रदेशका आठ जिल्लामध्ये पर्सा जिल्लामा एचआइभी/एड्स सङ्क्रमित बिरामीको सङ्ख्या सबैभन्दा बढी रहेको पाइएको छ। मधेस प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार पर्सामा मात्र एक हजार ५०४ जना एचआइभी/एड्सका बिरामी छन्।

निर्देशनालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा मधेस प्रदेशमा कूल चार हजार ६८० जना एचआइभी सङ्क्रमित बिरामी एन्टिरेट्रोभाइरल थेरापी (एआरटी) उपचारमा छन्। प्रदेशअन्तर्गत धनुषामा ८८६, सर्लाहीमा ५५८, सिरहामा ४५७, रौतहटमा ४२२, महोत्तरीमा ३७१, बारामा २८८ तथा सप्तरीमा १९४ जना सङ्क्रमित रहेका छन्।

निर्देशनालयका एचआइभी/एड्स फोकल पर्सन राजवीर यादवका अनुसार आर्थिक वर्ष २०७६/७७ मा मधेस प्रदेशमा १४ हजार जनाको एचआइभी परीक्षण गरिएको थियो। उक्त सङ्ख्या बढेर आर्थिक वर्ष २०८१/८२ सम्ममा ७६ हजार ७९२ पुगेको छ।

आर्थिक वर्ष २०७५/७६ मा ४००, २०७७/७८ मा ४७५, २०७८/७९ मा ६७५, २०७९/८० मा ६०६, २०८०/८१ मा ५१० तथा २०८१/८२ मा ४७९ जनामा एचआइभी सङ्क्रमण पुष्टि भएको उहाँले जानकारी दिनुभयो।




चालु आर्थिक वर्षमा १६ जना गर्भवती महिलामा एचआइभी सङ्क्रमण पुष्टि भएको छ। समयमै परीक्षण तथा उपचार नभए आमाबाट शिशुमा समेत सङ्क्रमण सर्न सक्ने जोखिम रहेको स्वास्थ्यकर्मीले बताएका छन्।

मधेस प्रदेशमा १८ वर्षमुनिका १७५ बालबालिकामा एचआइभी सङ्क्रमण रहेको छ। तीमध्ये ४७ जना एकल अभिभावकविहीन तथा २० जना पूर्ण अनाथ रहेका छन्। सङ्क्रमित बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा पोषणका लागि मासिक रु. एक हजार नगद सहायता उपलब्ध गराइँदै आएको छ।

मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवले खुला सीमा, वैदेशिक रोजगारी, लागुऔषधको प्रयोग, असुरक्षित यौन सम्पर्कका कारण सङ्क्रमण नियन्त्रण चुनौतीपूर्ण बनेको बताउनुभयो।

प्रदेशमा हाल १० वटा सरकारी तथा एउटा गैरसरकारी एआरटी केन्द्र सञ्चालनमा छन्। एचआइभी परीक्षण तथा परामर्श सेवा, भाइरल लोड परीक्षण तथा प्रारम्भिक शिशु परीक्षण सेवा आठै जिल्लामा उपलब्ध छ।

सरकारी तथा गैरसरकारी क्षेत्रबाट नियन्त्रणका प्रयास भइरहे पनि समस्या समाधानमा अपेक्षित सुधार नभएको सर्लाहीका जनस्वास्थ्य अधिकृत नवलकिशोर झाले बताउनुभयो।

# तुलनात्मक अध्ययनको आवश्यकता

नेपालका दुई ठुला छिमेकी देशहरूबारे नेपालीहरूले अध्ययन नगरेका होइनन् । तर, तुलनात्मक अध्ययन नगरेकै हो कि भन्नेबारे बुद्धिजीवी समुदायमा बरोबर छलफल भएको सुन्नमा आउँछ । हाम्रा पुराना शिक्षार्थीहरू भारतकै पाठ्यपुस्तकबाट शिक्षित थिए र नेपालीहरूलाई चीनबारे थोरै जानकारी थियो । तर, ४०/५० वर्षभित्र चीनले अचानक अर्थतन्त्र, विज्ञान र प्रविधिमा किन कसरी प्रगति गर्न सक्यो अनि भारत त्यसको तुलनामा किन अगाडि बढ्न सकेन भन्नेबारे समुचित अध्ययन नेपालका राजनैतिक र बौद्धिक समुदायले नगरेकै हो कि भन्ने अड्कल काट्न गाह्रो छैन ।

दस बीस वर्षदेखि नेपाली विद्यार्थी र उद्योगी व्यापारीहरूले पनि चीनको बारेमा जिज्ञासा राख्दै आएका हुन् । यद्यपि, चीन र भारतको प्रगतिको तिव्रताको विषय केलाउन नेपालीहरू किन पछि छन् ? जनसङ्ख्याबारे चीन र भारत झन्डैझन्डै समान छन् र क्षेत्रफलमा चीन ठुलो छ । भारतले सन् १९४७ मा बेलायती उपनिवेशबाट ‘स्वतन्त्रता’ प्राप्त गऱ्यो भने चीनले १९४९ मा मुक्तिको घोषणा गऱ्यो ।

कृषि, उद्योग, व्यापार तथा राष्ट्रिय अर्थतन्त्रमा २-३ सय वर्षदेखि प्रगति गर्दै आएको बेलायतलाई चीनले उछिनेको मात्र होइन चीन संरा अमेरिकाकै हाराहारीमा पुगेको छ । विज्ञान र प्रविधिमा चीनले संरा अमेरिकालाई पछ्याउँदै छ । चीनले पूर्णरूपले जनतालाई गरिबीबाट मुक्त गऱ्यो भने अमेरिका यस क्षेत्रमा धेरै टाढा छ- अर्थात् झन्डै १५ प्रतिशत अमेरिकी जनता (अश्वेत, आदिवासी र हिस्पेनियाली जनता) मा गरिबी बाँकी भएको चर्चा छ ।

भारतमा झन्डै ३५ प्रतिशत जनता गरिबीको रेखामुनि बताइन्छ । पर्यावरणमा चीनले प्रगति गर्दै छ भने अमेरिकी नीतिको आलोचना हुँदै छ । भारत पर्यावरणीय समस्या झेल्दै छ । संरा अमेरिका भने हतियार उत्पादन र हतियारको व्यापारमा अगाडि छ । हतियार व्यापार बढाउन अमेरिका अरब संसारलाई धर्ममा विभाजित गर्दै आपसमा सशस्त्र द्वन्द्व चर्काउन सहयोग गर्छ । आतङ्कवादको विरोधको नाममा अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सीआईए) आतङ्कवादी सङ्गठनको बीउ विभिन्न महादेशहरूमा छर्दै छ । अरु देशको तेल उत्पादन र मूल्य निर्धारणमा समेत अमेरिका आफ्नो ठूलोपन देखाउँछ । अमेरिकाले हतियार उत्पादन कम गरेको खण्डमा साँच्चै शान्ति स्थापना गर्न मद्दत पुग्नेछ । त्यस्तै, युद्धलाई निर्यात नगरेको खण्डमा अमेरिकाले वायु प्रदूषण कम गर्न संसारलाई ठुलो गुण लगाएको हुनेछ ।

चीन, भारत र अमेरिकाको तुलनात्मक अध्ययनमा ध्यान दिँदा खालि राजनैतिक व्यवस्थामै भिन्नता प्रस्ट हुन्छ । समाजवादी व्यवस्थामा देश, समाज र जनतालाई प्राथमिकता दिने गरेको देखियो भने अमेरिका र भारतमा उत्पादनका साधन र सेवाहरूमध्ये ९५ प्रतिशत निजी भयो । निजीकरणको अर्थ पुँजीपतिवर्ग र पुँजीवादी समूहहरूको हित वा ‘नाफा’ लाई प्राथमिकता दिनु हो । कोरोनाको उपचार गर्ने ‘खोप’ मा समेत चर्को नाफा नदिएसम्म ‘खोप’ बेच्न अमेरिकी र भारतीय कम्पनीहरू तयार भएनन् । चीनले छिमेकी देशहरू र संसारका अन्य धेरै विकासोन्मुख देशहरूलाई ‘खोप’ उपलब्ध गरायो । यो एक उदाहरण हो- समाजवादी र पुँजीवादी व्यवस्थाको । नेपालमा मित्र देशबाट सहयोगस्वरूप पाएको ‘खोप’ समेत महँगो मोलमा बेचियो र कालाबजारिया गऱ्यो भन्ने हल्ला फैलियो ।

खुला सीमाको कारण नेपाली जनतालाई भारतको विषयमा तुलनात्मकरूपले बढी जानकारी छ । नक्कली भारतीय र नेपाली नोट भारतबाटै आउँछ; कमसल रासायनिक मल भारतबाटै प्राप्त हुन्छ- त्यो पनि बढी मूल्यमा । किन ? नाफाकै निम्ति । वायु प्रदूषणमा सवारी साधनको ठुलो भूमिका छ । ९५ प्रतिशत वाहन भारतबाटै आयात हुन्छ । नेपालसँग अन्य देशको राम्रा गाडीहरू आउने बाटो भारत नै हो । मोटर बनाउने कम्पनीहरूले नेपालमा प्रदूषण नियन्त्रण हुने यन्त्र वा पुर्जाहरू दिँदैनन् बरू सिङ्गो मोटरै दिन जोड दिन्छ । भारतमा पनि वाहनबाट हुने प्रदूषणको समस्याबारे समाचारमा पढिन्छ । यसकारण, सरकारका सम्बन्धित अङ्गहरूले तुलनात्मक अध्ययन गरेर व्यापार गर्ने काम गरेमा नेपाल र नेपाली जनताको हित हुने विश्वास गर्न सकिन्छ ।

*५ पुस २०७९ (20 December 2022)*

***सम्पादकीय सङ्कलन (तेस्रो खण्ड) बाट***

**शैक्षिक सत्र २०८३/०८४ का लागि**

**प्रि-डिप्लोमा तथा डिप्लोमा तह**

**सिभिल इन्जिनियरिङमा नयाँ भर्ना सम्बन्धी सूचना**

**१. आवेदन फाराम अनलाइन भर्ने सम्बन्धी विवरण**

- आवेदन फाराम शुल्क : रु.१०००।- **(डिप्लोमा)**
- आवेदन फाराम शुल्क : रु.५००।- **(प्रि-डिप्लोमा)**
- आवेदन फाराम भर्ने अन्तिम मिति : **२०८३ जेठ १३** गते, बुधबार

**२. न्यूनतम शैक्षिक योग्यता**

| तह | न्यूनतम शैक्षिक योग्यता |
|---|---|
| **डिप्लोमा** | SEE मा परीक्षामा समग्रमा 1.6 GPA प्राप्त । |
| **प्रि-डिप्लोमा** | SEE परीक्षामा सहभागी भई उत्तीर्ण वा NG आएकोले भर्ना पाउने । |

**३. आवश्यक कागजातहरू**

- एस.ई.ई.को ग्रेड सिट १ प्रति (e-copy)
- जन्मदर्ता वा नागरिकता १ प्रति (e-copy)
- पासपोर्ट साइज फोटो १ प्रति (e-copy)

**विस्तृत जानकारीको लागि**

**वागीश्वरी माध्यमिक विद्यालय**

तौलाछेँ, च्याम्हासिङ्ग-९, भक्तपुर

सम्पर्क नं. ०१-६६१४३९१, ०१-६६१३०४१

**हार्दिक समवेदना**



जन्म
२००८/०२/१५

स्वर्गारोहण
२०८३/०१/२५

हाम्रा आत्मीय मित्र तथा यस ग्रुपका सदस्य लक्ष्मीबहादुर सुवालकी प्रात: स्मरणीय ममतामयी माता **पूर्णकेशरी सुवाल (पुन्थुकु)** को दु:खद निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**थर्टिन ग्रुप परिवार**

वडा नं.३, भक्तपुर

# दैलेख लाकुरीमा अन्तरक्रिया

दैलेख, २ जेठ । नेपाल मजदुर किसान पार्टी डुङ्गेश्वर गाउँपालिका- २ लाकुरीको आयोजनामा बिहीबार अन्तरक्रिया कार्यक्रम भयो ।

बेलायतका समाजवादी चिन्तक रोवर्ट ओवेनको जन्म दिवसको अवसरमा भएको उक्त कार्यक्रममा नेमकिपा कर्णाली प्रदेशका सदस्य जगत वलीले रोवर्ट ओवेनको जीवनीबारे जानकारी दिँदै बेलायतमा समाजवादको प्रचारक भई मजदुर वर्गको हितमा ऐन नियम बनाउने, सामूहिक बस्तीको कल्पना, मजदुरहरूलाई उचित पारिश्रमिक र कार्यमा रोवर्ट ओवेन लागिपरेको बताउनुभयो ।

समाजवादी बन्दोबस्तमा मात्र कामदारवर्गको हित हुने भएकोले समाजवाद स्थापनाको लागि कामदारवर्ग एकजुट हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले समाजवादी व्यवस्थाका विशेषताहरूबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा नेमकिपा दैलेखका सचिव विन्दुलाल रेग्मीले रोवर्ट ओवेनबाट हामीले शिक्षा लिँदै नेपालमा पनि समाजवादको प्रचार गर्दै कामदारवर्गलाई सचेत र सङ्गठित गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा रत्नबहादुर खड्का र धनबहादुर विष्टले पनि बोल्नुभएको थियो ।

**नयाँ...**

प्रदेश बक्सिङ सङ्घका अध्यक्ष रामचन्द्र थापामगरले पनि बोल्नुभएको थियो । नेपाल बक्सिङ महासङ्घका सचिव पुष्करराज पन्तले नवनिर्वाचित भक्तपुर जिल्ला कार्यसमितिलाई शपथग्रहण गराउनुभयो ।

वरिष्ठ उपाध्यक्ष सुरज ग्वाछ्रा र सचिव साजन लघुले पनि बोल्नुभएको उक्त कार्यक्रममा उपाध्यक्ष राजन कुम्पाखले गीत प्रस्तुत गर्नुभएको थियो ।

भक्तपुर बक्सिङ सङ्घका नवनिर्वाचित पदाधिकारीहरूलाई प्रमाणपत्र वितरण भएको थियो ।




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा शनिबार निओ फ्युजन बाजा समूह नवदुर्गा धिमे खल र धिमे तथा धाँ नृत्य प्रशंसापत्र वितरण । *तस्बिर : मजदुर दैनिक*

# लागूऔषधसहित विभिन्न स्थानबाट २६ जना पक्राउ

काठमाडौँ, २ जेठ । देशका विभिन्न स्थानबाट लागुऔषधसहित २६ जनालाई पक्राउ गरिएको छ । नेपाल प्रहरी, केन्द्रीय समाचार कक्षका अनुसार पछिल्ला २४ घण्टामा काठमाडौँलगायत देशका विभिन्न जिल्लाबाट उनीहरूलाई पक्राउ गरिएको हो ।

त्यस क्रममा काठमाडौँको गोकर्णेश्वर नगरपालिका-८ जोरपाटी बेसीगाउँबाट लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १२ ग्राम ६ सय ४० मिलिग्रामसहित सात जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-६ बेसीगाउँ बस्ने २३ वर्षीय अनिल केसी, ४४ वर्षीय बसन्त तिमल्सिना, सोही नगरपालिका-८ बस्ने ३७ वर्षीय बिक्रम ठकुरी, २५ वर्षीय प्रज्वल मैनाली, ३५ वर्षीय देबेन्द्र अर्याल, काठमाडौँ चुनिखेल बस्ने सोलुखुम्बु घर भएका ५० वर्षीय प्रशान्त राई र काठमाडौँ गौशाला पिङगलस्थान बस्ने दोलखा घर भएका ४७ वर्षीय पेम्बा तामाङ रहेका छन् ।

यस्तै, मोरङको पथरीशनिश्चरे नगरपालिका-८ कुशल चोकबाट लागुऔषध ट्रामाडोल दुई हजार २१० ट्याब्लेट र स्पास्पेन दुई हजार ३२० ट्याब्लेटसहित सोही ठाउँ बस्ने २४ वर्षीय सुशन राईलाई गएराति पक्राउ गरिएको छ ।

यसैगरी रूपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका-४ महुबारीबाट लागऔषध स्पास्मो चार सय ८० ट्याब्लेटसहित सोही नगरपालिका-११ मसिना बस्ने ३३ वर्षीय बर्कत अली, झापाको कनकाई नगरपालिका-५ चाप्रमारीबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ ११ ग्राम ९७० मिलिग्राम कमल गाउँपालिका-५ बस्ने २६ वर्षीय काले भन्ने जीतबहादुर लिम्बु र दमक नगरपालिका-६ बस्ने २० वर्षीय प्रदिप रसाइलीलाई शुक्रबार नै पक्राउ गरिएको छ ।

यस्तै, कैलालीको गोदावरी नगरपालिका-२ स्थित आर बि होटलबाट लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ एक सय २० मिलिग्रामसहित होटलका सञ्चालक कञ्चनपुर कृष्णपुर नगरपालिका-७ का ३६ वर्षीय तिलकबहादुर वलीसहित चार जना, जिल्लाकै टीकापुर नगरपालिका-९ खक्रौलाबाट लागुऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ १९ ग्राम एक सय ६० मिलिग्रामसहित दुई जना, सोही स्थानबाट अवैध लागुऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ तीन ग्राम ६६० मिलिग्रामसहित तीन जना र कञ्चनपुरको कृष्णपुर नगरपालिका-५ गजरौलाबाट लागुऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ एक सय ८० मिलिग्रामसहित तीन जनालाई पक्राउ गरिएको जनाइएको छ ।

यसैगरी सुनसरीको इटहरी उपमहानगरपालिका-४ बाट लागुऔषध ब्राउनसुगरजस्तो देखिने पदार्थ तीन सय ५० मिलिग्रामसहित एक जना, धनकुटाको साँगुरीगढी गाउँपालिका-३ मादेन डेरा गरी बस्ने ४० वर्षीया बिष्णु याखालाई करिब ९२ किलो लागुऔषध गाँजासहित शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ ।

मकवानपुरको हेटौँडा उपमहानगरपालिका-१० बसपार्कबाट २१ किलो ३१० ग्राम लागुऔषध गाँजासहित पर्सा बिन्दबासिनी गाउँपालिका-४ मधुवन बस्ने ६० वर्षीय लक्चन हजरालाई शनिबार बिहान बिहान प्रहरीले पक्राउ गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

# ‘जलविद्युत् राजधानी’ को पहिचान बनाउँदै रसुवा

रसुवा, २ जेठ । रसुवामा नौ वटा राष्ट्रिय गौरवका जलविद्युत् योजनाले उत्पादन दिन थालेका छन् । यी आयोजनाको उत्पादनसँगै यहाँ समग्र उत्पादन क्षमता तीन ६५ मेगावाट पुगेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

नेपालको जलस्रोत विकास इतिहासमा पहिलोपटक यहाँ २० मेगावाट क्षमताको चिलिमे जलविद्युत् केन्द्र भूमिगत संरचनाबाट निर्माण गरिएको थियो । उक्त आयोजनाबाट प्राप्त अनुभव र प्रविधिलाई आधार मानेर पछिल्ला आयोजनासमेत आधुनिक तथा सुरक्षित ढाँचामा निर्माण हुँदै आएका छन् ।

रसुवामा उत्पादन चरणअन्तर्गत अगाडि बढिसकेका ती आयोजनामा २० मेगावाट चिलिमे जलविद्युत् केन्द्र, पाँच मेगावाट तल्लो मैलुङ खोला, ६० मेगावाट माथिल्लो त्रिशूली–३ ए, १४ दशमलव आठ मेगावाट माथिल्लो साङ्जेन ४२ दशमलव पाँच मेगावाट तल्लो साङ्जेन, एक सय ११ मेगावाट रसुवागढी, १४ दशमलव तीन मेगावाट अपर मैलुङ, ७८ मेगावाट साङ्जेन खोला रहेका छन् भने २० मेगावाट लाङ्टाङ जलविद्युत् आयोजना उत्पादन परीक्षण चरणमा रहेको छ ।

यी आयोजनाबाट हाल कुल तीन सय ६५ मेगावाट विद्युत् उत्पादन क्षमता स्थापित भइसकेको छ ।

चिलिमे जलविद्युत् आयोजनाबाट सिकिएको सीप प्रयोग गर्दै रसुवागढी आयोजनामा ड्यामबाहेक अधिकांश संरचना भूमिगत रूपमा निर्माण गरिएका छन् । यद्यपि, गत असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले ड्याममा क्षति पुऱ्याएपछि पुन:निर्माणका लागि विद्युत् सटडाउन अनुमति दिइएको छ ।

यस्तै, साङ्जेन जलविद्युत् कम्पनीले निर्माण गरेका दुई आयोजना अर्ध-भूमिगतबाट निर्माण गरिएको प्राविधिकहरूले बताएका छन् ।

रसुवामा हाल तीन ठूला आयोजना निर्माण चरणमा रहेका छन् । यी आयोजनाबाट थप ३५६ मेगावाट विद्युत् उत्पादन हुने तयारी छ । आयोजना सम्पन्न भएपछि रसुवाले मात्रै सात सय एक मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा पठाउन सक्ने रसुवागढी जलविद्युत् आयोजनाका पूर्वकार्यकारी निर्देशक माधवप्रसाद कोइरालाको भनाइ छ ।

निर्माणको अन्तिम चरणमा रहेका आयोजनामा दुई सय १६ मेगावाटको अपर त्रिशूलीवान, ६० मेगावाटको फलाखु खोला, एक सय २० मेगावाटको भोटेकोशी रहेका छन् । यी आयोजनाको निर्माण प्रगति ५० प्रतिशतभन्दा माथि पुगेको प्राधिकरणले जनाएको छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा